वर्ष : ११ | अंक : २

२०७८ भदौ | 2021 Aug.-Setp.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR राष्ट्रिय



फत्तेमानलाई पशुपतिमा भेट्दा...





# एनआरएनएको नेतृत्व कसलाई ?

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन बिडी ०.५/-, युएस ४ $/-




**Corporate** 9801902885 • **Kathmandu Valley** Balaju 4361786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 4225377, 4266517 • Kumaripati 5008781 • Mitra Park 5241224, 5241033 Ravibhavan 4670812

**Outside of Valley** Attaria 551244 • Baglung 520174 • Bardaghat 580727 • Bardibas 550552 • Bharatpur 526697 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 • Birgunj 526894 Birgunj 529667 • Birtamode 544156 Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 • Damak 581463 • Damauli 560477 • Dang 563442 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 • Gaidakot 502399 Gaighat 420032 • Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 Guleria 420099 • Gulmi 520142 • Hetauda 525386 • Inaruwa 561498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Janakpur 527426 • Kalaiya 551526 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nawalparasi 520984 • Nepalgunj 551598 • Parsa 582862 • Parsa 561825 • Palpa 520607 • Pokhara 539389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Simara 521520 Siraha 520442 • Surkhet 525196 • Surunga 551010 Taulihawa 561330 • Tikapur 560426 • Tulsipur 520808 • Urlabari 540074 • Waling 440610




रकम पठाउन तथा पाउनका
लगि भरपर्दो माध्यम

PRABHU
Money Transfer ®
प्रभुको इच्छा

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np



संसारको जुनसुकै ठाँउबाट
नेपालमा पैसा पठाउने भरपर्दो माध्यम !
JME
REMIT COMPANY
SEND MONEY
JME
World Wide Money Transfer
Japan Money Express
JME सबैका लागि
5-22-11 Shiroganedai, Minato-ku, Tokyo, Japan
Tel : 03-5475-3913, Fax: 03-5475-3914
E-mail : info@japanremit.com
For Rate: 080-4166-4277
5-22-11 Shiroganedai, Minato-ku, Tokyo, Japan, Tel : 03-5475-3913, Fax: 03-5475-3914, E-mail : info@japanremit.com For Rate: 080-4166-4277


रुपान्तरणको लागि प्रविधि, पारदर्शीता र समावेशी एकता,
समृद्धिका लागि ज्ञान, सीप र लगानीको प्रतिबद्धता
NRNA
Non-Resident Nepali Association
गैरआवासीय नेपाली संघ १०औं महाधिवेशन
२०२१-२३ अध्यक्ष पदका उम्मेदवार
डा. बद्री केसी लाई
अत्याधिक मतले विजयी गराऔं ।


NRNA
Non-Resident Nepali Association
'सामुहिक लगानी, सुरक्षित वैदेशिक रोजगार
राष्ट्र विकासमा रेमिट्यान्स, मेरो सरोकार'
VOTE
R.K.Sharma
Vice President
NRNA ICC 2021-2023


सक्षम, समावेशी र साझा
एनआरएनए
निर्माण हाम्रो अभियान
नेपालीका
लागि नेपाली
NRNA
Non-Resident Nepali Association
रबिना
थापा
अध्यक्ष पदका
उम्मेदवार (२०२१-२३)


पद्धति र पारदर्शिता,समावेशी
एनआरएनए
र सामुहिक नेतृत्व हाम्रो प्रतिबद्धता
यहाँहरुको साथ
सहयोग समर्थन
र सुभेच्छाको
अपेक्षासहित
Vote
NRNA
Non-Resident Nepali Association
BINOD KUNWAR
Candidate of Regional Coordinator (RC)
Asia Pacific Region
NRNA ICC (2021-2023)

# यस अंकमा




१० एनआरएनएको नेतृत्व कसलाई ?


गैरआवासीय नेपाली संघको १० औं विश्व सम्मेलन तथा महाधिवेशन नजिकिँदै जाँदा आगामी नेतृत्वका लागि रस्साकस्सी पनि सुरु भैसकेको छ। यस पटकदेखि अनलाइन प्रविधिबाट निर्वाचन कार्यक्रम हुने भएकाले पनि विभिन्न पदहरुमा उम्मेदवारी घोषणा तथा प्रचारप्रसार गर्नेहरुको संख्या बढेको छ। अध्यक्ष पदका लागि वर्तमान उपाध्यक्षद्धय डा. बद्री के. सी र रबिना थापा तथा सल्लाहकार कुल आचार्य मैदानमा छन। आगामी नेतृत्वमा कस्ले मार्ला त बाजी ? एनआरएनए अधिवेशन र निर्वाचनका विषयमा तयार पारिएको आवरण रिपोर्ट :




२१ एनआरएनएले पहिलो पटक ल्यायो वैदेशिक रोजगारसम्बन्धीको छुट्टै 'श्वेतपत्र'





१८ इजरायल रोजगारी
लिखित परीक्षा भाद्र २८ गते



३२ पशुपतिमा फत्तेमानलाई भेट्दा...




पुष्पलता आचार्य
वरिष्ठ गीतकार तथा साहित्यकार




वरिष्ठ निबन्धकार युवराज नयाँघरेको सोतो बाकस २८





अनुभूति
शम्भु सुस्केरा ३०



२४






पद्मोदयमोडमा सुरु भयो जुत्ता एक्सचेञ्ज मेला

जि.प्र.का. काठमाडौं द.नं. १३७/०६७/०६८

अर्थ र रोजगार

ARTHA RA ROJGAR राष्ट्रिय मासिक

वर्ष ११, अंक २, २०७८ भदौ

रोजगार मिडिया प्रा.लि द्वारा प्रकाशित

**सल्लाहकार**

युवराज नयाँघरे

जगदीश खरेल

**सम्पादक**

उद्धव भट्टराई

**कार्यकारी सम्पादक**

सुमन गिरी

**सह-सम्पादक**

उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**

फणिन्द्र दाहाल

**व्यवस्थापक**

पर्वत विश्वकर्मा

**संवाददाता**

सरोज श्रेष्ठ

कृष्ण पाण्डे

मोहन सुवेदी

**ओमान संयोजक**

दिपक श्रेष्ठ (९६८९६०५३४६९)

**कतार प्रतिनिधि**

खेम भट्टराई, ९७४५६०९५७८

चिरञ्जिवी तिमल्सिना, ९७४७७०३६०३९

एमपी पोखरेल/कृष्ण दाहाल

**दक्षिण कोरिया प्रतिनिधि**

हयाङ चेम्जोङ

**प्रतिनिधि**

राजु थापा (क्यानडा), जनक गिरी (जापान)

हरिकृष्ण अधिकारी (इजरायल)

यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**

देवराज कटुवाल

**डिजाइन**

महेश कार्की

९८४९२५९२३५

**मूद्रक**

नयाँ नेपाल प्रेस प्रा.लि.,

असन, काठमाडौं, फोन : ९८५११७९९९६

**कार्यालय**

रोजगार मिडिया प्रा.लि.

कमलपोखरी, काठमाडौं

पो.ब. नं. १२०१८, फोन : ०१-४४३१०४३

९८४९१४५५३४,९८५१००१३२५

इ–मेल: artharojgar@gmail.com

www.rojgarmanch.com

# सबैलाई खोप छिटो देउ !

कोरोना महामारीले अझै छोड्न सकेको छैन । कोरोनाका नयाँ सक्रमित बिरामी र मृत्यु हुनेको संख्या शुन्य हुन सकेको छैन । कोरोना विरुद्धको खोप अझै सबै जनताले पाउन सकेका छैनन् । आम जनतामा खोप कार्यक्रमले अझै पनि गति लिन सकेको छैन । वर्तमान सरकारले खोपलाई पहिलो प्राथमिकतामा राखेको भएता पनि त्यो प्रयाप्त हुन सकेको छैन ।

प्रधानमन्त्रीका साथै स्वास्थ्य राज्यमन्त्रीले समेत खोपको आपूर्ति तथा प्रभावकारी वितरण गर्ने प्रतिवद्धता जनाएता पनि लक्ष्य अनुसार खोप अभियान संचालन हुन सकेको छैन । सरकारले आगामी चैत मसान्तसम्म सबै नागरिकलाई खोप लगाइसक्ने प्रतिवद्धता जनाएता पनि त्यो संभावना न्यून देखिएको छ । विश्वमा नै कोरोना भाइरस नियन्त्रणको अचुक उपाय खोप नै प्रमाणित भएपछि सबै नेपालीलाई खोप छिटोभन्दा छिटो उपलब्ध गराउन आवश्यक छ ।

संक्रमण नियन्त्रणका लागि सुरुवाती समयमा अधिकांश मुलुकले लकडाउन लगाएपनि आर्थिक, रोजगारी तथा जनजिविकोपार्जनमा ठुलो असर पर्न थालेपछि स्वास्थ्य मापदण्ड पालना गराउदै विस्तारै सबै क्षेत्र खुल्ला हुन थाले । कोरोना संक्रमण थप फैलन नदिन जनस्वास्थ्यका मापदण्ड पालनामा सबै मुलुकले जोड दिएका छन । यसका साथै अहिलेसम्मको अध्ययन अनुसन्धानले कोरोना भाइरसको रोकथाम र संक्रमण नियन्त्रणका लागि खासै उपलब्धी हाँसिल नभएपनि कोरोना विरुद्धको खोपलाई विश्वका सबै मुलुकले प्राथमिकता दिएका छन् ।

छिमेकी मुलुक तथा विश्वका अन्य मुलुकले आफ्ना नागरिकलाई खोप लगाउने अभियान थालेपछि नेपालले खोप ल्याएर असोज मसान्तभित्रमा ३३ प्रतिशतलाई खोप लगाइने र चैत मसान्तभित्र सबै लक्षित समूहलाई खोप लगाउने सरकारको लक्ष्य संभव बनाउनु पर्छ । सरकारले ७७ वटै जिल्लाका स्थानिय निकाय तथा विभिन्न अस्पतालमा खोप केन्द्र खडा गरेर कोरोना संक्रमण विरुद्धको खोप अभियान संचालन गरिरहेको छ । तर, अधिकांश खोपकेन्द्रको व्यवस्थापन कमजोर देखिदा खोप लगाउन आउनेको अव्यवस्थित भीडले संक्रमण फैलने खतरा झन बढाएको छ ।

कोभिडका कारण पर्यटन र मनोरञ्जनसँग जोडिएको क्षेत्र पूर्णरुपमा प्रभावित भएको छ । अन्य क्षेत्र केही चलायमान भए पनि नेपाली अर्थतन्त्र नराम्ररी प्रभावित बनिरहेको छ । जबसम्म अधिकाशं जनतालाई खोपको व्यवस्था गरिदैन तबसम्म कोरोनाको समस्या भइरहन्छ । अहिलेको अवस्थामा पहिलो प्राथमिकता खोप नै हो । सरकारले सबै जनतालाई खोप उपलब्ध गराउनु पर्छ ।

फेरी पनि सबैले बुझ्नु पर्छ कोभिड-१९ को चुनौती रोक्ने मुख्य अस्त्र खोप र स्वास्थ्य मापदण्डको पालना नै हो । सबै जनतालाई खोप दिलाउन सके अर्थतन्त्र पुनः सहज बन्छ । महामारीको चुनौतीलाई दिगो रूपमा समाधान गर्न पनि खोप नै चाहिएको छ । फेरी पनि पहिलो, दोस्रो र तेस्रो प्राथमिकता खोप नै हुनुपर्छ ।




## खोपमा ढिलाई किन ?

सरकारले आफ्नो पहिलो प्राथमिकतामा खोप रहेको बताए पनि अहिलेसम्म त्यो उद्घोष भाषणमै मात्र सीमित देखिन्छ । यहाँसम्मकी सरकारले आफुसँग भएका खोपसमेत प्राथमिकताका साथ लगाउन सकिरहेको छैन । उता खरिद प्रक्रियामा रहेका खोप ल्याउन ढिलाई भैरहदा खोप लगाउने अभियानले कहिले तिब्रता लिन्छ अझै भन्न सकिने अवस्था छैन । यही गति कायमै रहने हो भने नेपालमा कोभिडको जोखिम झन बढने खतरा छ ।

*- विवेक खड्का, काठमाडौं*

कोरोना भाइरस संक्रमणको रोकथाम तथा उपचारको कुनै उपाय नभेटिदासम्म खोप नै यसको एक मात्र विकल्प भएको सबैको हो । विश्वका सबैजसो देशले अहिले जतिसक्दो चाडो आफ्ना नागरिकलाई खोप लगाएर जनजिवन सामान्य बनाउने प्रयास गरिरहेका छन । तर, नेपालले भने खोप विनानै सबै बाहिर निस्किरहदा कतै यस्ले भोली ठुलो खतरा त निम्तदैन ? सरकारले बेलैमा सोचोस् ।

*- निमा राई, युएई*

गजल

## मन भित्र तिमी देखें



■ रत्न शमशेर थापा 'निर्दोषी'

मन भित्र तिमी देखें ।
तन भित्र तिमी देखें ॥

खल्ति छाम्दा भेटीएको,
धन भित्र तिमी देखें ॥

लेक बेशी हिड्ने बेला,
वन भित्र तिमी देखें ॥

हुदा हुदा रगतका,
कण भित्र तिमी देखें ॥

माना पाथि मुरी हुदै,
टन भित्र तिमी देखें ॥

## सबैलाई विदेशिनै हतार !

स्वदेशमा अवसर नभएर मात्र होइन कतिपय नेपाली युवायुवतीहरू विदेश गएपछि पैसा सहजै कमाइन्छ भन्ने भ्रमले जुनसुकै देश किन नहोस् विदेशिनै हतार गरिरहन्छन । युवराज नयाँघरेको 'सपना विदेशको !' लेखमा पनि यस्तै रमाइलो प्रसंग उतारिएको रहेछ । लेखमा उल्लेख भएकी गंगा जस्ता कैयौ युवायुवती विदेश जान भनेरै काठमाडौमा भौतारिरहदा र कतिपय दलालको फन्दामा पर्दा स्वदेशमै लाखौ स्वाहा पार्न बाध्य भैरहेका छन ।

*- दुर्गा कार्की, कतार*

## कोरिया जान नरोकियोस्

इपिएस भाषा परीक्षा पास गरेको डेढ वर्ष वितिसक्दा पनि कोरिया जान नपाएका हजारौ युवाहरूको बारेमा सरकारले बेलैमा केहि सोच्न आवश्यक छ । इपिएस अन्तर्गतको भाषा र सीप परीक्षा पास गरेको २ वर्षभित्र कोरिया जाने प्रक्रिया नभए स्वतः त्यसको म्याद सकिने हुदा सरकारले कोरिया सरकारसँग कुटनैतिक पहल गरेर भएपनि यो अवस्था आउन नदिओस ।

*- राजन खतिवडा, बुटवल*



**प्रिय पाठकवर्ग तपाईहरूलाई हाम्रो पत्रिकाको बारेमा केही सल्लाह, सुझाव दिनु परेमा तथा रचना उपलब्ध गराउनु परेमा यस ठेगानामा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**



पो.ब.नं. १२०१८, काठमाडौं, फोन नं. ०१-४४३१०५३
इमेल: rojgaranch@gmail.com, www.rojgaranch.com

## दिनेशको समाचारले मनै दु:खी बनायो



अर्थ र रोजगारमा मलेसियामा आत्महत्या गरेका दिनेश ठकुरीको समाचार पढदा मन निकै दु:खी बनायो । घर-परिवारको उज्वल भविश्यका लागि भनेर विदेशी भूमिमा गएका कैयौ नेपालीले दिनेशले जस्तै आत्महत्याको बाटो रोजिरहेका छन । कालगतिले, दुर्घटनामा परेर या रोगव्याधीले मृत्यु हुनु एउटा पक्ष होला तर आत्महत्याका घटना विदेशमा बढिरहदा यसबारे बेलैमा खोजिनीति गर्नु राज्यको दायित्व होइन र ?

*- दिपेन्द्र उप्रेती, मलेसिया*

# एनआरएनएको नेतृत्व कसलाई ?

## उम्मेदवारी घोषणा गर्दै नेतृत्वका आकांक्षीहरू







■ अर्थ र रोजगार

गैरआवासीय नेपाली संघ (एनआरएनए) को १० औं विश्व सम्मेलन तथा महाधिबेशनले आगामी अक्टोबरमा नयाँ नेतृत्व चयन गर्ने हुँदा अहिले एनआरएनहरूबीच चुनावी सरगर्मी बढेको छ। यो बर्षदेखि अनलाइन प्रणालीबाट निर्वाचनका कार्यक्रम हुने भएकाले विश्वभरका एनआरएनहरूले सामाजिक संजाल तथा भर्चुअल माध्यमबाट विभिन्न पदमा उम्मेदवारी घोषणा गरिरहेका छन्।

एनआरएनएको आगामी कार्यसमितिमा अध्यक्ष पदका लागि वर्तमान उपाध्यक्ष डा.बद्री केसी, वर्तमान महिला उपाध्यक्ष रबिना थापा र वर्तमान सल्लाहकार तथा पूर्वउपाध्यक्ष कुल आचार्यले उम्मेदवारी घोषणा गरेका छन्। प्रत्येक दुई बर्षमा एनआरएनएले नयाँ नेतृत्व चयन गर्दछ। एनआरएनएको २०१९-२१ कार्यकाल सम्पन्न हुनै लाग्दा वर्तमान अध्यक्ष कुमार पन्त आफ्नो पद नयाँ नेतृत्वलाई हस्तान्तरणका लागि कुरिरहेका छन्।

कोरोना महामारीका कारण एनआरएनए गतिविधिलाई केही असर पुऱ्याएको भएता पनि सन् २०१९-२१ को आफ्नो कार्यकाल सफल भएको पन्त नेतृत्वको दावी छ। यस बर्षदेखि अनलाइन भोटिङ हुने भएकाले काठमाडौमा एनआरएनएको चुनावी गतिविधी हुने छैन। प्रत्येक मतदाताले आफुले बसेको ठाउँबाट नै मतदान गर्ने भएकाले यसपटक यस अघि जस्तो ठूलो मात्रामा पैसा र राजनीति दलको चलखेल कम हुने आकलन छ। 'एनआरएनएले 'आफ्नो विधान संशोधन गरेर यस पटकदेखि सबै डेलिगेट्सको लागत निशुल्क बनाएको छ' एनआरएनएका प्रवक्ता डिबी क्षेत्रीले जानकारी दिए।

यद्यपी एनआरएनए नेतृत्वका लागि राजनीति दल तथा नेताको आर्शिवाद थाप्नका लागि दौडधुप भने रोकिएको छैन। चुनावी माहोल नजिकिदै जाँदा नेतृत्वका आकांक्षीहरू दल वा नेताको आर्शिवाद थाप्न आतुर देखिन्छन्। उता राजनीतिक दलहरूले पनि एनआरएनए निर्वाचनमा प्रत्यक्ष चासो राख्ने गरेका छन्। 'बाहिर आ-आफ्नो बिचार भएता पनि एनआरएनएभित्र राजनीति घुसाउन हुँदैन भन्ने मान्यतालाई अझै चिर्न सकिएको छैन' एनआरएनएका उपाध्यक्ष सोनाम लामा स्वीकार गर्दछन्।

अर्कोतर्फ एनआरएनएमा प्यानल बनाएर चुनावी मैदानमा उत्रन नपाउने प्रावधान छ। तर, अहिले छुट्टाछुट्टै प्यानल बनाएर नेतृत्वका आकांक्षीहरू अगाडि बढिरहेका छन्। अध्यक्षदेखि क्षेत्रीय तहसम्म प्यानल बनाउने काम भइरहेको छ। 'सबै एनआरएनहरूको निर्वाचन भएकाले प्यानल बनाउन पाइदैन तर हामीहरूकोमा त्यस्तो पटक्कै हुँन सकेन' उपाध्यक्ष लामा भन्छन्-'राजनीतिक पार्टीले नै प्यानल खडा गरिदिदा यो अवस्था आएको हो।'

एनआरएनएको वर्तमान कार्यसमितिले कोभिडको महामारीमा भने आफ्नो राम्रो उपस्थिति देखाउन सफल भयो। स्वास्थ्य सामाग्री नेपाल सरकारलाई हस्तान्तरण गर्नदेखि




विदेशमा समस्यामा परेका नेपालीहरूलाई राहत तथा उद्धारका लागि एनआरएनएले गरेको काम प्रसंसनीय छ। 'नेपाललाई दुख्दा हामी विदेशमा बस्नेहरूलाई झन दुख्छ अनि पीडा हुन्छ' एनआरएनएका सचिव आरके शर्मा भन्छन्-'त्यही भएर नेपालमा अक्सिजनको हाहाकार हुँदा मध्यपूर्वका एनआरएनहरूले केही दिन भित्रमा नै ५६० अक्सिजन सिलिण्डर नेपाल पठाएर केही मात्रामा भएपनि सहयोग गर्न सक्यौं।'

कोभिड महामारीमा विदेशमा रहेका नेपाली दूतावास र एनआरएनएबीचको सहकार्य इतिहासकै सबैभन्दा राम्रो भएको छ। आइएलओसँगको सम्झौता अनुसार एनआरएनएले २१ हजार ६ सय ९५ जनालाई प्रत्यक्ष सहयोग गर्न सफल भएको एनआरएनएका उपाध्यक्ष तथा वैदेशिक रोजगार कल्याणकारी विभागका संयोजक डा. बद्री केसी बताउँछन्। 'कोभिडका कारण विदेशमा समस्यामा परेका नेपालीहरूले उद्धार तथा राहत मात्र पाएनन् सकुशल स्वदेश फर्कन सफल भएपछि एनआरएनएलाई आर्शिवाद मिलेको छ' केसीको भनाई छ।

एनआरएनएले लामो समयदेखि संचालन गरिरहेको गोरखाको लाप्राक नमूना बस्ती पनि यही कार्यकालमा स्थानीयलाई हस्तान्तरण गर्न सफल भएको छ। यस्तै एनआरएनएले भर्चुअल माध्यमबाट विज्ञसम्मेलन, क्षेत्रीय सम्मेलन तथा अन्य कार्यक्रमहरू पनि सम्पन्न गरेको छ। 'हामी पहिला सीमित कार्यक्रम गर्थ्यौं भने अहिले दैनिकजसो कार्यक्रम तथा छलफल भइरहेको हुन्छ' प्रवक्ता क्षेत्री भन्छन्-'विधान संशोधनदेखि लिएर पेण्डिङ रहेका धेरै काम यस पटक भएका छन्।'

यद्यपी एनआरएनएको वर्तमान कार्यसमितिले केहि राम्रा काम गरेपनि अपेक्षा अनुरुप काम गर्न भने सकेको छैन। तर कोभिडको कारण देखाएर पन्छने मौका भने पाएको छ। कोभिडका कारण पुरा कार्यकाल काम गर्न नसकेकाले पुनः एक कार्यकाल अध्यक्ष पद दोहोऱ्याउने मनसाय राखेका अध्यक्ष पन्त अहिले आएर पद हस्तान्तरण गर्ने मनसायमा नै पुगेको बताइन्छ।

गैरआवासीय नेपाली संघको हाल विश्वभरका विभिन्न ६ क्षेत्रका ८४ वटा मुलुकमा राष्ट्रिय समन्वय परिषद (एनसीसी) बिस्तार भएता पनि विभिन्न कारणबस २० वटा राष्ट्रिय समन्वय परिषदहरू लामो समयदेखि निष्क्रिय हुँदा अहिले ६४ वटा एनसीसी मात्र सक्रिय रहेको एनआरएनएले जनाएको छ।

अधिकांश एनआरएनए एनसीसीले आगामी कार्यकाल २०२१-२३ का लागि निर्वाचन सम्पन्न गरिसकेको एनआरएनएका महासचिव डा. हेमराज शर्मा बताउँछन्। '४२ वटा राष्ट्रिय समन्वय परिषदमा निर्विरोध, ११ वटा राष्ट्रिय समन्वय परिषदमा अनलाईनमार्फत र ७ वटा राष्ट्रिय समन्वय परिषदमा भौतिक रुपमा उपस्थित भएर निर्वाचन सम्पन्न भएको हो' महासचिव शर्माले बताए।

अधिकांश एनसीसीले निर्वाचन सम्पन्न गरेपछि अव आइसीसी निर्वाचनका लागि सबैको ध्यान केन्द्रित भएको छ। आइसीसीको नेतृत्वका लागि त्रिपक्षीय भिडन्त हुने पक्कापक्की देखिएको छ। नेतृत्वका लागि उपाध्यक्षद्वय केसी र थापा अनि पूर्व उपाध्यक्ष आचार्य मैदानमा देखिएका छन्। उनीहरूको आ-आफ्नो दावी प्रस्तुत गरिरहँदा आम एनआरएनहरू भने सक्षम, सबल र सफल नेतृत्व छान्न आतुर छन्। अध्यक्षका दावेदारका एजेण्डा, काम गर्ने शैली र विगतको योगदानलाई मुल्यांकन गरेर नेतृत्व छनौट गर्ने निश्चित छ।

गत वर्ष विधान संशोधन प्रस्ताव सर्वसम्मतिले पारित भएपछि संघको आगामी कार्यसमितिमा केहि पदहरू थप हुने भएको छ। जस अनुसार अब एक जना अध्यक्ष, ६ उपाध्यक्ष (एक युवा र एक महिलासहित), एक महासचिव, ४ सचिव (एक महिलासहित), एक कोषाध्यक्ष र २ सहकोषाध्यक्ष (एक महिलासहित) कार्यसमितिमा रहनेछन। यसैगरी क्षेत्रीय परिषदहरूमा यसअघि रहदै आएको व्यवस्थामा एक जना क्षेत्रीय महिला उपसंयोजक पद थप भएको छ।

सामाजिक सञ्जालमा विभिन्न पदहरूमा उम्मेदवारी घोषणाको होडवाजी चलिरहेपनि अन्तिम अवस्थामा आइपुग्दा फिर्ता वा सहमति हुने संभावना पनि धेरै रहेको छ।

## १० औं महाधिवेशनका लागि बन्यो आयोजक कमिटी

गैरआवासीय नेपाली संघ (एनआरएनए) को दशौं विश्व सम्मेलनका लागि परराष्ट्रमन्त्रालयको अध्यक्षतामा २० सदस्यीय उच्चस्तरीय आयोजक समिति गठन भएको छ।

समितिमा राष्ट्रिय योजना आयोगका सदस्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, परराष्ट्र सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल लगानी बोर्ड, नेपाल राष्ट्र बैंक, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, गैर आवासीय नेपाली संघ लगायत अन्य सरोकारवाला निकायका उच्चस्तरीय प्रतिनिधि रहेका छन्।

सरकारले विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप, पूँजी, प्रविधि, सञ्जाल र पहुँचलाई नेपालको आर्थिक-सामाजिक विकासमा परिचालन गर्ने नीतिलाई उच्च प्राथमिकता दिँदै आएको छ। प्रत्येक दुई वर्षमा नेपालमा आयोजना हुने गैर आवासीय नेपाली संघको दशौ विश्व सम्मेलन तथा महाधिबेशन कार्तिक ६ देखि ८ (२३-२५ अक्टोवर २०२१)मा काठमाडौंमा हुने एनआरएनएले जनाएको छ।

# डा.बद्रीको परिपक्क दावी



गैरआवासीय नेपाली संघ (एनआरएनए) का उपाध्यक्ष डा.बद्री केसी एनआरएनएमा स्वभाविक अध्यक्षको दावेदार हुन् । एनआरएनएको वैदेशिक रोजगार तथा कल्याणकारी विभागका प्रमुखसमेत रहेका केसी एनआरएनएमा १८ बर्षभन्दा बढि निरन्तर लागिपरेका परिपक्व उम्मेदवार हुन् ।

सन् २००३ देखिनै आफु एनआरएनए अभियानमा रहेको बताउने केसी एनआरएनएले अहिलेसम्म उठाएका मुद्धालाई स्थापित गर्नका लागि आफ्नो उम्मेदवारी रहेको बताउँछन । 'दुई कार्यकाल केन्द्रीय सदस्य, एक कार्यकाल कोषाध्यक्ष, दुई कार्यकाल महासचिव र अहिले उपाध्यक्ष छु, मैले जाने बाँकी ठाउँ भनेकै अध्यक्ष मात्रै नै हो', डा. केसीको भनाई छ । अव आउने कार्यकालमा नेतृत्व सम्हालेर एनआरएनका अधुरा कामहरू पूरा गर्ने वचनबद्वता उनले व्यक्त गरेका छन् ।

केसीले भनेका छन् -'मुद्दाहरू सबै उठिसकेका छन् तर स्थापित भएका छैनन्, धेरै बर्षदेखि उठेका मुद्धालाई कार्यान्वयन गर्न नै मेरो उम्मेदवारी हो ।' केसीले आफ्नो कार्यकालमा नेपालमा आर्थिक लगानी भित्र्याउनका लागि पहल गर्नेसमेत बताएका छन् ।

एनआरएनएले सबैभन्दा धेरै नेपालमा गर्न सक्ने भनेको आर्थिक लगानी हो । केसीले भनेका छन्-'अहिले विदेशमा यथेष्ट पैसा कमाएका नेपालीहरूले स्वदेशमा लगानीको वातावरण नहुँदा बिदेशी बैंकहरूमा संञ्चित गरेर राखेका छन्, यदि हामीले लगानीको सही बाटो खोलिदियौ भने ति नेपालीहरूले नेपालमै यथेष्ट इन्भेष्ट गर्छन् ।' अध्यक्षका उम्मेदवार केसी नेपालीहरूको आर्थिक समृद्धिका लागि लगानी गर्न नेपाल राम्रो प्लाटफर्म भएको बताउँछन ।

आफ्नो कार्यकालमा पहिलो पटक वैदेशिक रोजगार सम्बन्धी श्वेतपत्र सार्वजनिक गरेका केसीले वैदेशिक रोजगारमा भएका समस्याहरूलाई दीर्घकालिन समाधान गर्ने आफ्नो अर्को महत्वपूर्ण एजेण्डा रहेको बताएका छन् । त्यसैगरी बौद्विक वर्ग र दोस्रो पुस्ताका युवाहरूलाई एनआरएनएमा आबद्ध गराउने पनि उनको प्रमुख लक्ष्य रहेको छ । 'हामी द्रुत गतिमा काम गर्नेछौं, हाम्रा ८ वटा डिपार्टमेन्टहरू छन्, के कसरी काम गर्ने वा काम गराउने भन्ने विषयमा नै केन्द्रित हुन्छु' केसीले भने ।

एनआरएनएमा संस्थापन पक्ष भनेर चिनिएका केसीले बौद्धिक र संस्थामा राम्रो काम गरिरहेका साथीहरूसहितको समावेशी टिम बनाउँदैछन् । 'विभिन्न विचारधारा भएका साथीहरूलाई एकै ठाउँमा राखेर एनआरएनएलाई राजनीतिमुक्त समावेशी टिम बनाउँदै छौं' केसीले भने ।

एनआरएनएमा हल्ला र भाषणभन्दा पनि काम गरेर देखाउने केसी धेरैको रोजाईमा परेका छन् । संस्थाप्रति इमान्दार केसी चित्त नबुझेको विषयमा सीधा प्रतिकार गर्ने स्वभावका छन् । नेतृत्वमा पुगेपछि सबैलाई रिझाएर राख्ने क्षमता भने उनीमा छैन । एनआरएनएका पूर्व अध्यक्षहरू, संस्थापन पक्ष तथा अहिले रहेको अधिकांश कार्यसमितिले केसीलाई समर्थन रहेको जनाएका छन् ।



# आचार्यको दोश्रो प्रयास

गैरआवासीय नेपाली संघका सल्लाकार तथा पूर्व उपाध्यक्ष कुल आचार्यले अध्यक्ष पदमा पुनः उम्मेदवारी दिने घोषणा गरेका छन् । अघिल्लो कार्यकालमा कुमार पन्तसँग झिनो मतले पराजित आचार्यले फेरि अध्यक्षमा उम्मेदवारी दिएर नेतृत्व सम्हाल्ने दाउमा छन् ।

संघको राष्ट्रिय समन्वय परिषद बेलायतको बिभिन्न तहको जिम्मेवारीपछि एनसीसी बेलायतको अध्यक्ष, युरोप क्षेत्रको क्षेत्रीय संयोजक र पछि २०१७ मा अन्तर्राष्ट्रिय समन्वय परिषदका उपाध्यक्ष भएका आचार्य २०१९ को निर्वाचनमा पनि अध्यक्षका प्रत्यासी थिए । बेलायतमा कर्मथलो बनाएका आचार्य नेपाली काँग्रेस निकट भएकाले उनको समर्थनमा काँग्रेस समर्थित एनआरएनहरूको बाहुल्यता

# इतिहास बनाउने दाउमा रविना

गैरआवासीय नेपाली संघ (एनआरएनए) महिला उपाध्यक्ष रविना थापाले आगामी नेतृत्वको लागि चुनावी मैदानमा उत्रिएर इतिहाँस बनाउने दाउमा छिन् । एनआरएनएको इतिहाँसमा पहिलो पटक महिला अध्यक्ष बन्नका लागि उनले उम्मेदवारी घोषणा गरिसकेकी छिन् ।

एनआरएनए अध्यक्षका आकांक्षी बद्री केसी र कुल आचार्यलाई थापाले प्रतिपर्धाका लागि चुनौती दिएकी छिन् । अहिलेको एनआरएनएमा राम्रो उम्मेदवार निस्किएको भए आफु नेतृत्वका लागि आइरहनु नपर्ने थापाको भनाई छ । थापा भन्छिन -'त्यसकारण म नै सबैभन्दा राम्रो र योग्य भएकोले एनआरएनएको नेतृत्व हाँक्न सक्ने हिम्मत र तागत लिएर अगाडि आएको छु ।'

एनआरएनएको जन्म हुनुभन्दा पहिलादेखि नै सामाजिक कार्यमा सक्रिय रहेको भन्दै थापा एनआरएनए नेतृत्वका लागि आफ्नो दावी स्वभाविक भएको बताउँछिन् । सन् १९९० देखि जापानमा बसेर सामाजिक काम गर्दै २००२ मा अमेरिका गएर सामाजिक संस्थामा काम गरेको अनुभवले एनआरएनएमा काम गर्ने अनुभव आफुसँग प्रशस्त रहेको थापाको भनाई छ । उनी भन्छिन् -'एनआरएनए २००३ मा जन्मिएको संस्था हो, सामाजिक संस्थामा काम गर्ने भनेको जुनसुकै संस्थामा पनि सिद्धान्त एउटै हो, पुरानो मान्छेले मात्र यस संस्थामा



काम गर्न सक्छ भन्ने त हुँदैन नि ।'

उनले आफ्नो उम्मेदवारी पक्का रहेको भन्दै कुनै पनि हालतमा पछि नहट्ने भन्दै आफ्नै पक्षमा सर्वसम्मत नेतृत्वका लागि पहल गर्न सबैसामू आग्रहसमेत गरेकी छिन् । उनले आफूले चुनाव जितेमा संघको इतिहासकै पहिलो महिला नेतृ बन्दै काम गरेर प्रमाणित गर्ने बताएकी छिन् ।

उनले गत निर्वाचनमा महिला उपाध्यक्षहरूमा सबैभन्दा बढी मत ल्याएर बिजयी प्राप्त गरेकी थिइन् । 'महिलाहरू पनि सक्षम भइसकेका छौं, १८-२० वर्ष एनआरएनएको दौरानमा धेरै दाजुभाइहरूले बढी राजनीति गर्न'भयो, अब पालो महिलाको हो' थापाले भनिन् ।

एनआरएनए उपाध्यक्ष भएर थापाले धेरै काम गरेको बताएकी छिन् । 'मैले अहिले महिला अनि युथ डिपार्टमेन्टको हेड भएर पनि काम गरेको छु, वान एनसीसी वान च्यारिटी प्रोजेक्टको संयोजक भएर काम गरेको छ' थापाले भनिन्-'हरेक एनसीसीमा अहिले महामारीको बेलामा सानो सानो फण्ड उठाएर विदेशमा बस्ने नेपालीलाई शुरुवातमा सहयोग गर्न सफल भयौ ।'

सुरक्षित र व्यवस्थित वैदेशिक रोजगार आफ्नो पहिलो एजेण्डा बनाएकी थापाले एनआरएनएको संस्थागत विकास, महिला सशक्तिकरण, नागरिकताको निरन्तरता, दोस्रो पुस्ताको सहभागिता लगायतका मुद्दालाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिवद्धता ब्यक्त गरेकि छिन ।

एनआरएनएभित्र राजनीति प्रवेश गराउन हुन्न भन्ने थापा आफैं कांग्रेस नेताहरूको शुभेच्छा रहेको दाबी गर्दछिन् । नेपाली जनसम्पर्क समिति जापानको संस्थापक तथा अमेरिकाको संस्थापक सदस्यमा रही काम गरेको भन्दै उनले एनआरएनएमा कोही पनि पार्टीको आधिकारिक उम्मेदवार नहुने तर शुभेच्छा भने रहने बताएकी छिन् ।

संघको नवौं अन्तर्राष्ट्रिय महाधिवेशनमा थापाले कुल आचार्य समूहबाट नै महिला उपाध्यक्षमा चुनाव जितेकी थिइन् । तर आउँदो अक्टोबरमा हुने संघको दशौं महाधिवेशनमा कांग्रेस निकट ठानिएका आचार्य र थापा दुवै चुनावी मैदानमा उत्रिए डा. केसीले सहजै नेतृत्व पाउने आंकलन छ ।

रहेको दावी छ । पछिल्लो समयमा नेपाली राजनीतिमा काँग्रेसको पुनरागमन भएजस्तै एनआरएनएमा पनि आचार्यले शानदार प्रवेश खोजिरहेका छन् ।

एनआरएनहरूको सम्पत्तिको सुरक्षा, लगानी प्रर्वद्धन, गैरआवासीय नेपाली नागरिकता तथा सुरक्षित वैदेशिक रोजगारीका विषयलाई मुख्य एजेन्डा बनाउँदै संघको केन्द्रीय अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका आचार्यले पनि आफु बिभिन्न पदमा रहेर काम गरेको अनुभवले अध्यक्षमा दाबेदारी गरेको बताएका छन् । आचार्यले नेपालको संविधान जारी भएको छ वर्ष भईसक्दा पनि संविधानमै व्यवस्था भएको गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनमा नआउँदा लाखौं प्रवासी नेपाली प्रभावित भएको र आफुले तीन पुस्ता पछि पनि कायम रहने पासपोर्टसहितको गैरआवासीय नेपाली नागरिकताका लागि आवाज उठाउने प्रतिवद्धता जनाएका छन् ।

एनआरएनए अभियन्ता तथा सल्लाहकार आचार्यले युवा तथा महिलालाई संस्थामा अगाडि बढाउनुका साथै संघको सुदृढीकरण तथा शुद्धीकरण आफ्नो प्राथमिकता हुने औल्याएका छन् । विदेशमा बस्ने नेपालीले पठाएको रकम (विप्रेषण)ले नेपालको अर्थतन्त्रमा ठुलो योगदान दिएको तर मध्यपूर्व, मलेसिया, कोरिया, युरोपलगायतका मुलुकमा नेपालीका लागि सुरक्षित र मर्यादित रोजगारको वातावरण सिर्जना गर्न धेरै काम गर्न बाँकी रहेको र त्यो आफ्नो कार्यकालमा पुरा गर्ने आचार्यको दावी छ । उनले संघले यस क्षेत्रमा पहल गरिरहेको भए पनि सबै साझेदारसँग सहकार्य गरेर नतिजा देखिने गरी आफुले काम गर्ने बताए ।

'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने मूल नारा बोकेको एनआरएनएले प्रवासमा रहेका नेपालीलाई एकजुट बनाउँदै उनीहरूसँग रहेको सीप, पूँजी र अनुभव नेपालको विकासमा उपयोग गर्ने उद्देश्य राखेको छ । 'एनआरएनएप्रति प्रवासी नेपालीको मात्रै होइन, मातृभूमि नेपाल र नेपालीको पनि धेरै नै अपेक्षा रहेको छ, हामीले ती अपेक्षालाई सम्बोधन गर्न सक्नुपर्छ', आचार्यले भने ।

एनआरएनएको अध्यक्ष पदमा उठेर पराजय भइसकेपछि पुन सोही पदमा उठ्ने आचार्य पहिलो हुन् । उनले दोश्रो पटकको प्रयासमा सफलता प्राप्त गर्ने हुन् या पहिलाको जस्तै नतिजा निकाल्ने हुन् चुनावसम्म कुर्नै पर्ने हुन्छ ।

# ७ उपाध्यक्षमा आकांक्षीको ओइरो



एसी शेर्पा



डिबी क्षेत्री



धर्मराज अधिकारी



आरके शर्मा



हेमराज शर्मा



गणेश केसी



यसमिन बेगम



राज रेग्मी

एक युवा, एक महिलासहित ६ जनाका लागि हुने उपाध्यक्ष पदका लागि उम्मेदवारी दिने धेरै रहेका छन् । हरेक क्षेत्र तथा देशहरूबाट नै दुईभन्दा बढिले उपाध्यक्ष पदमा नै उम्मेदवारी घोषणा गर्दा थप प्रतिष्पर्धा बढाएको छ ।

कतारबाट वर्तमान सचिव राजेन्द्र कुमार (आरके) शर्माले उम्मेदवारी घोषणा गरेका छन् । उपाध्यक्ष पदमा उम्मेदवारी दिने क्रममा शर्माले आफ्ना ७ बुँदे प्रतिवद्धतासमेत सार्वजनिक गरेका छन । उनले सुरक्षित, मर्यादित र सम्मानित वैदेशिक रोजगार, गैरआवासीय नेपाली नागरिकता, रेमिट्यान्सको सही सदुपयोग र लगानी, स्वदेशमा पर्यटन प्रवर्द्धन र विदेशमा नेपाल चिनाउन, एनआरएनमा सबैको स्वामित्व, गोर्खाजको सम्मानित अधिकार तथा राष्ट्र विकासका लागि योगदान र विज्ञ नेपालीको पहिचानलगायतका विषयसहित आफु उपाध्यक्ष पदको जिम्मेवारी निर्वाहमा अघि बढेको बताएका हुन् ।

एनआरएनएका प्रवक्तासमेत रहेका डिबी क्षेत्रीले औपचारिकरुपमा उम्मेदवारी घोषणा गरिनसकेको भएतापनि उपाध्यक्ष पदका लागि तयारी भने थालिसकेका छन । अघिल्लो कार्यसमितिमा महासचिव पदका उम्मेदवार रहेका उनले सहमतिका लागि अन्तिम समयमा आएर उम्मेदवारी फिर्ता लिएका थिए । प्रवासमा रहेका श्रमिकको हकहित तथा सामाजिक सुरक्षाका लागि 'हजारे अभियान' चलाएर चर्चा बटुल्न सफल क्षेत्रीले एनआरएनमा हजारे अभियान, वैदेशिक रोजगारमा रहेकाको संचयकोष, वैदेशिक रोजगारमा रहेका लाखौ नेपालीका मुद्धा स्थापित गराउनसमेत सफल भए । यस्तै अमेरिकाबाट एनआरएनएका सल्लाहकार रहेका एसी शेर्पाले पनि उपाध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा गरिसकेका छन । उनले एनआरएनएमा पद्धति र पारदर्शिताको विकास गरी समावेशी एनआरएनए बनाउन र एनआरएनएभित्र फोहोरी राजनीतिको गन्धसमेत छिर्न नदिन आफ्नो उम्मेदवारी रहेको बताएका छन । शेर्पाले एनआरएनएको झण्डा सगरमाथाको चुचुरोमा फहराइसकेका छन । उनले एनआरएनएमा तन, मन र धनले प्रयाप्त सहयोग गर्दै आएका छन् ।

यता अष्ट्रेलियाबाट ओसियानाका पूर्व क्षेत्रीय संयोजक धर्मराज अधिकारीले उपाध्यक्ष पदमा अनौपचारिक ढंगबाट आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । अधिकारीले नेपाली नागरिकताको निरन्तरता, नेपालमा एनआरएन लगानी, संघभित्र नेतृत्वको प्रभावकारिता र नेपालमा सीप तथा ज्ञानको प्रवर्धन गर्ने महत्वपूर्ण एजेन्डासहित आफ्नो उम्मेदवारी रहेको बताए ।

यस्तै एनआरएनए अष्ट्रेलियाका पूर्वअध्यक्ष तथा आइसीसी सदस्य गणेश केसीले एनआरएन अभियानको मिशन, भिजन र एजेण्डाहरूलाई प्रवासमा रहेका सम्पूर्ण नेपाली समूदायको भावनासँग जोडनै आफुले उपाध्यक्ष पदमा उम्मेदवारी दिएको बताएका छन् ।

यता वर्तमान कार्यसमितिका महासचिव डा. हेमराज शर्माले पनि उपाध्यक्षमा आफ्नो दावेदारी प्रस्तुत गरेका छन । उनले एनआरएनएलाई सुदृढ गर्न तथा आफुले सुरु गरेका रुपान्तरणका प्रयासलाई संस्थागत गर्न आवश्यक महसुस गरेर उम्मेदवारी दिएको बताएका छन् ।

महिला उपाध्यक्ष पदका लागि साउदी अरबबाट याश्मिन वेगम अघि बढिसकेकी छिन । एनआरएनएलाई समयसापेक्ष अघि बढाउनुपर्ने दायित्व अबको नेतृत्वलाई भएका कारण आफुले महिला उपाध्यक्षमा उम्मेदवारी दिएको बताउँदै बेगमले एनआरएनएमा उठिरहेको पारदर्शिता र जबाफदेहिता आफ्नो मुख्य मुद्दा रहेको बताइन् । यसका साथै वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको मुद्धामा संस्थागत पहल गर्न र महिलाको नेतृत्व विकासकालागि आफु लागिपर्ने वेगमको भनाई छ ।

यस्तै यसपटकदेखि कार्यसमितिमा थप गरिएको युवा उपाध्यक्ष पदका लागि कतारबाट राज रेग्मीले उम्मेदवारी घोषणा गरेका छन । वर्तमान कार्यसमितिमा मध्यपूर्व क्षेत्रीय युवा संयोजकको जिम्मेवारी निभाइरहेका रेग्मीले एनआरएनएमा युवापुस्ताका मुद्धालाई स्थापित गर्न, दोश्रो पुस्ताका नेपालीलाई एनआरएनएमा आकर्षित गर्न तथा विदेशमा रहेका श्रमिकहरूको आवाज बुलन्द बनाउन युवा उपाध्यक्ष पदमा उम्मेदवारी दिएको बताएका छन् । विश्वभर रहेका दोश्रो पुस्ताका युवालाई लक्षित गरेर ग्लोवल एनआरएन सिंगिङ आइडलको आयोजना गरिरहेका रेग्मीले दोश्रो पुस्तालाई एनआरएनमा जोड्ने कार्यक्रम सफलतापूर्वक गरिरहेकोमा उनको चर्चा विश्वभर छ ।

# महासचिवमा जोशी, पौडेल र अधिकारी मैदानमा



गौरीराज जोशी



डा. केशव पौडेल



विनय अधिकारी

महासचिव पदका लागि अमेरिकाबाट वर्तमान सचिव गौरीराज जोशीले उम्मेदवारी घोषणा गरेका छन् । 'सक्षम, समावेशी र साझा एनआरएनए निर्माण हाम्रो अभियान' नारासहित उम्मेदवारी दिएका जोशीले स्मार्ट र प्रविधिमैत्री एनआरएनए निर्माण आफ्नो प्रमुख एजेण्डा भएको बताएका छन् । उनले व्यक्तिगत भन्दा पनि संघको मर्म अनुसारको योजना र कार्यक्रमलाई आफुले प्राथमिकता दिने बताए ।

यस्तै अघिल्लो कार्यसमितिमा उपाध्यक्षका प्रतिष्पर्धी रहेका एनआरएनए अमेरिकाका पूर्वअध्यक्ष डा. केशव पौडेलले पनि आगामी कार्यकालका लागि महासचिवमा आफ्नो दावेदारी प्रस्तुत गरेका छन् । 'पद्धति र पारदर्शिता : समावेशी एनआरएनए हाम्रो प्रतिवद्धता' भन्ने नारासहित उम्मेदवारी घोषणा गरेका पौडेलले एनआरएनएको संस्थागत सुशासन र पारदर्शीतालाई मुख्य प्राथमिकतामा राखेका छन् ।

यता बेलायतबाट विनय अधिकारीले पनि महासचिव पदमा आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । उनले संस्थाभित्र बढदै गरेको बिकृति र सिण्डिकेटको अन्त्य गर्दै साझा एनआरएनए बनाउन, एनआरएन नागरिकताको विषयमा आवाज उठाउन तथा श्रमिक वर्गको हकहित प्रवर्द्धनका लागि आफ्नो उम्मेदवारी रहेको बताएका छन् ।

# ४ सचिव पदमा भिडन्त



खगेन्द्र न्यौपाने




प्रवीन गुरुङ



ओम गुरुङ



भोमा लिम्बू



राधिका गुरुङ (टिका)

यसअघिको कार्यसमितिमा २ सचिवको व्यवस्था रहेकोमा संशोधित विधानले आगामी कार्यकालबाट एक महिलासहित २ सचिव थप्ने व्यवस्था लागू गराएपछि ४ जना सचिव पदका लागि दावेदारी दिनेहरू खुल्न थालेका छन् ।

कतारबाट मध्यपूर्वी क्षेत्रीय संयोजक प्रविण गुरुङले गैरआवासीय नेपाली संघमा संस्थागत स्थायित्व र विकासको एजेन्डासहित आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । संघको अभियानमा आफूले प्राप्त गरेको लामो अनुभव र अग्रजहरूको आग्रहमा सचिव पदमा उम्मेदवारी दिने निचोडमा आफू पुगेको गुरुङको भनाई छ । कोभिड-१९ बाट मध्यपूर्वमा समस्यामा परेका नेपालीको उद्धार र राहत कार्यमा सक्रिय भूमिका खेलेका गुरुङ सामाजिक कार्यका कारण मध्यपूर्वमा मात्र नभएर विश्वभर रहेका युवा पुस्तामाझ लोकप्रिय छन् । मध्यपूर्वबाट आइसीसी सचिव पदका लागि गुरुङ साझा उम्मेदवारकारुपमा देखिएका छन् ।

यता एसिया प्यासिफिक क्षेत्रबाट वर्तमान कार्यसमितिमा सहसंयोजकको भूमिका सफलतापूर्वक निर्वाह गरिरहेका खगेन्द्र न्यौपानेले आगामी कार्यकालका लागि सचिव पदमा आफ्नो उम्मेदवारीको दावी प्रस्तुत गरेका छन । संघले दिएको जिम्मेवारीलाई आत्मसाथ गर्दै विश्वसनिय, पारदर्शी र सहभागितामूलकढंगले संस्था अघि बढाउन र विगतमा प्राप्त गरेको अनुभवलाई आईसीसी सचिवका माध्यमबाट विश्वसामु पस्कने अठोटका साथ नयाँ जिम्मेवारी वहन गर्न अघि बढेको न्यौपानेको भनाई छ ।

यस्तै एनआरएनए जापानका पूर्व अध्यक्ष तथा पूर्व आइसीसी सदस्य ओम गुरुङले पनि सचिव पदमा आफ्नो दावेदारी प्रस्तुत गरेका छन । 'सम्वृद्धि, समावेशिता, सामुहिकता र संस्थागत सुदृढिकरणका लागि मेरो उमेदवारी' भन्दै गुरुङले अग्रजहरूको आग्रह र आफ्नो इच्छाशक्तिका कारण आइसीसी सचिव पदमा उम्मेदवारी दिएको बताएका छन् ।

यस्तै यस पटकदेखि थप गरिएको एक महिला सचिव पदमा वर्तमान महिला संयोजक भोमा लिम्बु र एनआरएनए हङकङकी निवर्तमान अध्यक्ष टिका गुरुङले आफ्नो उम्मेदवारी घोषणा गरेका छन । दुवै एनआरएन अभियानमा सक्रिय भूमिका खेलिरहेका महिला अभियान्ता हुँदा उनीहरूमा सकभर सहमति गराउने प्रयत्न भैरहेको बुझिएको छ । तथापी यस पदमा अरु पनि उम्मेदवार थपिन सक्ने भएकाले अहिल्यै प्रतिषर्धा हुन्छ या सहमति हुन्छ भन्ने अवस्था छैन ।

# कोषाध्यक्ष पद पेचिलो बन्दै



**अरुण श्रेष्ठ**



**लोक दाहाल**



**गोविन्द श्रेष्ठ**

वर्तमान कार्यसमितिमा सहकोषाध्यक्ष रहेका लोकप्रसाद दाहालले संस्थामा विगत दुई वर्षमा सुरुआत गरिएका आर्थिक मजबुदी र पारदर्शीतालाई संस्थागत गर्न भन्दै कोषाध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन । उनले संघभित्र आर्थिक पारदर्शी र मितब्ययी कायम गर्ने क्रममा आन्तरिक लेखा प्रणाली र अत्याधुनिक प्रविधियुक्त लेखाप्रणालीको लागू गरिएको बताउदै यसलाई थप संस्थागत गर्न, कोषको अभिवृद्धी, सम्पत्तिको सुरक्षा तथा लगानी प्रबर्द्धनको लागि आफ्नो उम्मेदवारी रहेको बताएका छन् ।

यस्तै कोषाध्यक्ष पदमा जापानबाट अरुण कुमार श्रेष्ठले उम्मेदवारी घोषणा गरेका छन् । सन् २०१३-१५ कार्यकालमा नै कोषाध्यक्ष पदमा उम्मेदवारी दिएका श्रेष्ठ वर्तमान उपाध्यक्ष डा. बद्री केसीसँग झिनो मतले पराजित भएका थिए । 'चुस्त, पारदर्शी र मितब्ययी एनआरएनए आजको आवाज' भन्ने नारासहित उम्मेदवारी घोषणा गरेका श्रेष्ठले प्रविधियुक्त, आर्थिक पारदर्शीता, उद्दमशीलता, र नेपाली एकताको संगठन बनाउने एजेन्डासहित आफु अगाडि बढेको बताएका छन ।

यस्तै १ महिलासहित २ पद रहेको सहकोषाध्यक्षमा भने अहिलेसम्म एसिया प्यासिफिक क्षेत्रीय संयोजक रोबिन्दप्रसाद श्रेष्ठ(गोबिन्द)ले मात्र उम्मेदवारी घोषणा गरेका छन् । उनले आर्थिक अनुशासन, पारदर्शिता र नियमित श्रोत विकासको लागि आफ्नो उम्मेदवारी रहेको बताए । एनआरएनएमा दीर्घकालिन कोषको ब्यबस्था गेरर त्यसलाई अनुशाशित रुपमा चलाउन तथा कोषाध्यक्षसँग मिलेर सफल कार्यकाल र शशक्त आर्थिक पाटो बनाउनका लागि नै सहकोषाध्यक्षको लागि उम्मेदवार हुने निर्णय गरेको श्रेष्ठले बताएका छन् ।



## महिला संयोजकमा जुनु गुरुङको उम्मेदवारी

महिला संयोजक पदका लागि दक्षिण कोरियाबाट जुनु गुरुङले उम्मेदवारीको घोषणा गरेकी छन् । एशिया प्यासिफिक क्षेत्रको क्षेत्रीय महिला संयोजक हुदै वर्तमान कार्यसमितिमा मानार्थ परिषद सदस्य रहेकी गुरुङले लामो अनुभव र कार्य दक्षताको आधारमा महिला संयोजक पदको लागि उम्मेदवारी दिएको बताइन ।

एसिया प्यासिफक क्षेत्रीय महिला संयोजक हुँदा त्यस क्षेत्रका ९ वटा एनसीसीमा महिला फोरम गठन गर्न सफल गुरुङले एनआरएनएमा महिलाहरूको सांगठनिक सुदृढीकरण, समावेशीता, नेतृत्व बिकास, सशक्तिकरण र उधमशिलता लगायत ५ मुख्य एजेन्डासहित आफ्नो उम्मेदवारी रहेको बताइन् ।

# मध्यपूर्वमा सर्वसम्मतको प्रयास



राजेन्द्र अर्याल (जोन)



अब्दुल वासिद

मध्यपूर्व क्षेत्रीय परिषद्को नेतृत्वका लागि आकांक्षिहरू खुल्न थालेका छन् । अघिल्लो कार्यकाल निर्विरोध क्षेत्रीय कार्यसमिति चयन गर्दै आइसीसीमा सहमतिको उदाहरण पेश गरेको मध्यपूर्वले यस पटक पनि यसरी नै सहमतिमा नेतृत्व चयन गर्ने यस क्षेत्रका एनआरएन अगुवाहरू बताउँछन् ।

यसैक्रममा मध्यपूर्व क्षेत्रीय संयोजकमा साउदी अरबबाट राजेन्द्र अर्याल (जोन)ले आफ्नो बलियो दावेदारी पेश गरेका छन् । वर्तमान कार्यसमितिमा सहसंयोजक रहेका अर्यालले ५ बुँदे घोषणापत्रसहित संयोजक पदमा उम्मेदवारी दिएका हुन् । अहिलेसम्म मध्यपूर्व क्षेत्रीय संयोजकमा अर्यालको मात्र एकल उम्मेदवारी परेको छ ।

अर्यालले राहत तथा उद्धार कार्यमा तत्परता, वैदेशिक रोजगार ऐन पूर्णरुपमा कार्यान्वयन गराउन पहल, एनआरएनएद्धारा संचालित परियोजनामा मध्यपूर्वका नेपालीहरूको सहभागिता सुनिश्चित, सामाजिक संघसंस्थासँगको सहकार्य, एनसीसी र आइसीसीसँगको समन्वयमा कार्ययोजना बनाएर अघि बढनका लागि नै क्षेत्रीय संयोजकमा आफ्नो दावेदारी रहेको बताएका छन् ।

यस्तै मध्यपूर्व क्षेत्रीय युवा संयोजकमा कतारबाट अब्दुल वाशिदले उम्मेदवारी घोषणा गरेका छन् । सुरक्षित वैदेशिक रोजगार युवा र उद्यमशिलता भन्ने नारासहित मध्यपूर्व युवा संयोजकमा वाशिदले उम्मेदवारी घोषणा गरेका हुन । वर्तमान कार्यसमितिमा आइसीसी सदस्य रहेका वाशिदले एनआरएनए आइसीसीको सामाजिक उद्यमशीलता विकास समितिको मध्यपूर्व संयोजक भएर समेत उत्कृष्ट भूमिका निभाइसकेका छन । एनआरएन अभियानमार्फत युवा र श्रमिकका हितमा केहि गर्ने अठोट र योजनासहित आएको बताउँदै वाशिदले मध्यपूर्वी मुलकमा कार्यरत नेपाली युवाहरूको सीप, क्षमता र दक्षतालाई नेपाल निर्माणमा जोड्नु आफ्नो अर्को उद्देश्य रहेको बताए ।

# एसिया प्यासिफिक क्षेत्रमा चर्को दावेदारी



विनोद कुँवर



हरि भट्टराई



विश्व राई

एसिया प्यासिफिक क्षेत्रको क्षेत्रीय संयोजक पदका लागि दक्षिण कोरियाबाट विनोद कुँवरले उम्मेदवारी दिएका छन । एनआरएनए दक्षिण कोरियाको संस्थापक सदस्य हुँदै एसिया प्यासिफिक उपसंयोजकको भूमिका कुशलताका साथ निभाएका कुँवर वर्तमान कार्यसमितिमा आइसीसीको मानार्थ सदस्य रहेका छन ।

उनले उम्मेदवारी घोषणा गर्दै संस्थागत सबलीकरणको लागि : नेटवर्किङ, समावेशीता, पारदर्शिता, श्रम डिप्लोमेसीमार्फत सुरक्षित, मर्यादित एवं व्यवस्थित वैदेशिक रोजगारको सुनिश्चितता, ब्रेन पुलिङद्वारा सम्बृद्ध नेपालका लागि ज्ञान, सीप र प्रविधि हस्तान्तरण अभियान, उद्यमशीलताको प्रोत्साहन गर्दै स्थानीय उद्यमशीलता प्रवर्द्धन र रोजगारी सृजना आफ्नो मुख्य एजेण्डा रहेको बताएका छन् ।

एसिया प्यासिफिक क्षेत्रको क्षेत्रीय संयोजक पदमा नै जापानबाट वर्तमान उपसंयोजक पारशमणी पोखरेलले पनि उम्मेदवारी घोषणा गरेका छन् ।

यता क्षेत्रीय उपसंयोजक पदमा भने मलेसियाबाट एनसीसी मलेसियाका निर्वतमान अध्यक्ष हरिप्रसाद भट्टराई र आइसीसी सदस्य विश्व राईले उम्मेदवारी घोषणा गरेका छन् । उपसंयोजक २ जना निर्वाचित हुने व्यवस्थित भएपनि अन्य देशबाट पनि आकांक्षा राख्नेहरू आइहदा एउटै देशबाट २ जनाको उम्मेदवारी परेपछि मलेसियाका एनआरएन अगुवाहरू सहमतिमा एउटा मात्र उम्मेदवारी प्रस्तुत गर्न जुटिरहेका छन् ।

'सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार, युवा पुस्ताको सहभागिता र श्रमिक मैत्री एनआरएन मेरो सरोकार' भन्ने मुल मन्त्रसहित भट्टराईले क्षेत्रीय उपसंयोजक पदमा उम्मेदवारी दिने औपचारिक घोषणा गरेका हुन् । भट्टराईले एनआरएन अभियानमा अझ काम गर्न, श्रमिक मैत्री एनआरएन बनाउन र एसिया प्यासिफक क्षेत्रका नेपालीहरूका मुद्धालाई स्थापित गर्न आफ्नो प्रमुख उद्देश्य रहेको बताएका छन् ।

# विदेशिने श्रमिक 'क्यूआर कोर्ड'का लागि लाइन बस्नु नपर्ने

वैदेशिक रोजगारीमा जाने कामदारले अबदेखि क्यूआर कोडसहितको विद्युतीय खोप प्रमाणपत्रका लागि लाइन बस्नु नपर्ने भएको छ। क्यूआर कोडसहितको विद्युतीय खोप प्रमाणपत्र वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीको इमेलमार्फत पठाउने व्यवस्था गरेसँगै अब सेवाग्राहीलाई लाइन बस्नुपर्ने बाध्यताको अन्त्य भएको हो।

क्यूआर कोडसहितको विद्युतीय खोप प्रमाणपत्र वितरणमा श्रम मन्त्रालय र स्वास्थ्य मन्त्रालयबीच समन्वय नहुँदा विदेश जाने युवाले टिकटसमेत गुमाउनुपरेको गुनासो बढेपछि स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले सेवाग्राहीलाई लाइन बस्नु नपर्ने व्यवस्थाका लागि निर्देशन दिएका थिए। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच यसका लागि समन्वय भएसँगै उक्त खोप प्रमाणपत्र स्वास्थ्य सेवा विभागले म्यानपावर कम्पनीको मेलमा पठाउने सम्झौता भएको हो।

वैदेशिक रोजगार विभागका महानिर्देशक कृष्णप्रसाद दवाडीले श्रम मन्त्रालय र स्वास्थ्य मन्त्रालयबीच समन्वय नहुदा क्यूआर कोडसहितको विद्युतीय खोप प्रमाणपत्र लिन भएको समस्या ढिलै भए पनि समाधान भएको र अब सेवाग्राहीलाई धेरै राहत हुने विश्वास व्यक्त गरे।

स्वास्थ्य सेवा विभागका वरिष्ठ जनस्वास्थ्य अधिकृत डा. दीपक झाले सेवाग्राहीले सबै कागजात अपलोड गरेपछि क्यूआर कोडसहितको विद्युतीय खोप प्रमाणपत्रको क्यूआर कोड म्यानपावर कम्पनीमा अटोमेटिक जाने व्यवस्था गरिएको जानकारी दिए।

मेनपावरमा क्युआर कोड आएको दुई घण्टाभित्र सेवाग्राहीको इमेलमार्फत पुग्ने व्यवस्था गरिने बताउदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठले यस प्रकारको सेवा कार्यान्वयन भएपछि सेवाग्राहीलाई धेरै राहत हुने र टिकट छुट्ने सम्भावना पनि नहुने बताए।

---

# खोप खरिदका लागि नेपाल सरकार र एसियाली विकास बैंकबीच सम्झौता

### १९ अर्ब ५८ करोड रुपैंया बराबरको सहुलियतपूर्ण ऋण आउने

कोभिड १९ विरुद्धको खोप खरिदका लागि नेपाल सरकार र एशियाली विकास बैंक (एडीबी) बीच १९ अर्ब ५८ करोड रुपैंया बराबरको सहुलियतपूर्ण ऋण सम्झौता भएको छ।

अर्थमन्त्रालयमा आयोजित समारोहमा नेपाल सरकारको तर्फबाट अर्थ सचिव मधुकुमार मरासिनी र एशियाली विकास बैंकका कन्ट्री डाइरेक्टर आनो कुस्वाले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। यो सहुलियत ऋण सहायताले १ करोड ५९ लाख डोज कोभिड विरुद्धको खोप खरिद गरी नेपाल सरकारको राष्ट्रिय खोप योजनालाई सहयोग पुग्नेछ। यसबाट ६८ लाख जनसंख्या लाभान्वित हुनेछन्।



कार्यक्रममा अर्थसचिव मरासिनीले नेपाललाई सुरक्षित र प्रभावकारी खोपको उपलब्धताको सुनिश्चितताको लागि एशियाली विकास बैंकको यो सहायता महत्वपूर्ण हुने उल्लेख गर्दै खोप अभियानले नागरिक जीवनको सुरक्षा गरी अर्थतन्त्रको पुनरुत्थानमा मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे। खोप कार्यक्रम सरकारको उच्च प्राथमिकताको विषय भएको जानकारी गराउदै उनले यसमा एशियाली विकास बैंकको ऋण सहायताले महत्वपूर्ण भूमिका खेल्ने बताए।

एडीबीका कन्ट्री डाइरेक्टर कुस्वाले यो सम्झौता कोभिड १९ को चक्र तोडेर नागरिक जीवनको रक्षा गरी आर्थिक एवं सामाजिक पुनरुत्थानतर्फ अघि बढ्न सहयोगीसिद्ध हुने विश्वास व्यक्त गरे। उनले कोभिड १९ संक्रमणबाट सार्वजनिक स्वास्थ्य र राष्ट्रिय अर्थतन्त्रमा परेको असर व्यवस्थापन गर्न नेपाल सरकारलाई बैंकले पुऱ्याइरहेको सहयोगलाई आगामी दिनमा समेत निरन्तरता दिने आश्वासन दिए।

यस बाहेक एशियाली विकास बैंकबाट परिचालित प्राविधिक सहायताले खोप वितरणलाई प्रभावकारी बनाउने र सञ्चार तथा सामुदायिक सहभागितालाई बढावा दिँदै कोभिड १९ विरुद्ध जनचेतना फैलाउन सहयोग पुग्ने विश्वास सरकारले लिएको छ।

---

**इजरायल रोजगारी**

# भाद्र २८ गते लिखित परीक्षा हुने



सरकारले इजरायल जान दरखास्त दिएका कामदारको यहि भाद्र २८ गते लिखित परीक्षा गर्ने भएको छ। इजरायल रोजगारीमा जान इच्छुक आवेदनकको लिखित र मौखिक परीक्षा लोकसेवा आयोगको नियम अनुसार गरिने श्रम तथा रोजगार मन्त्रालयले जानकारी दिएको छ।

वैदेशिक रोजगार विभागले सूचना निकालेर परीक्षा केन्द्र र प्रवेशपत्र अनलाइनबाटै लिन सक्ने जनाएको छ। माग भएको दरखास्त अनुसार प्रक्रिया पूरा भएका आवेदकको भाद्र २८ गते दिउँसो १ बजे काठमाडौं उपत्यकाका विभिन्न परीक्षा केन्द्रमा भौतिकरुपमै लिखित परीक्षा हुने विभागले जनाएको छ।

वैदेशिक रोजगार विभागले इजरायलका लागि १ हजार कामदार लैजाने भन्दै यही साउन १२ गते देखि ३२ गते सम्म दरखास्त मागेको थियो। त्यसमा १० हजार आवेदन परेको छ।




# हिमालय सीमापार वाणिज्य संघको नयाँ कार्यसमितिद्वारा पदभार ग्रहण

नेपाल हिमालय सीमापार बाणिज्य संघको २१औं वार्षिक साधारणसभाबाट निर्वाचित नयाँ कार्यसमितिले पदभार ग्रहण गरेको छ । केहि समयअघि नै संघको नयाँ कार्यसमिति निर्विरोध चयन भएकोमा कोभिड-१९ का कारण आज एक समारोहकाबीच पद हस्तान्तरण तथा पदभार ग्रहण सम्पन्न भएको हो ।

नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा हिमालय सीमापार बाणिज्य संघको नयाँ कार्यसमतिले पदभार हस्तान्तरणसँगै ग्रहण गरेको हो । सो अवसरमा सिन्धुपाल्चोक उद्योग बाणिज्य संघका नवनिर्वाचित कार्यसमितिलाई सम्मानसमेत गरिएको थियो ।

कार्यक्रममा बिशेष अतिथिकारुपमा सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका अध्यक्ष  राजकुमार पौडेल उद्योग बाणिज्य संघका उपाध्यक्ष  दिनेश श्रेष्ठ,  केन्द्रीय सदस्य कमल श्रेष्ठ तथा नेपाल हिमालय सीमापार बाणिज्य संघको  पुर्वअध्यक्ष  निलकण्ठ चौलागाई रहेका थिए ।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष बच्चु पौडेलले स्वागत मन्तव्य व्यक्त गर्दै कोभिड महामारीका कारण पद हस्तान्तरण केहि ढिला भएपनि संघले बिभिन्न सामाजिक काम गरिरहेको बताए । उनले कार्यक्रममा बोल्दै चिनसँग ब्यापारको प्रमुख नाका रहेको तातोपानी नाकासम्मको बाटो छिटोभन्दा छिटो मर्मतसंभार गर्न र नाका सहज सुचारु गर्न उद्योग बाणिज्य महासंघले महासंघको मागको रुपमा नै आवाज बुलन्द बनाइदिन आग्रहसमेत गरे ।

कार्यक्रममा प्रमुख अतिथि तथा उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष ढकालले हिमालय सीमापार र सिन्धुपाल्चोक उद्योग बाणिज्य संघको नयाँ कार्यसमितिलाई बधाई तथा शुभकामना ज्ञापन गर्दै महासंघमा हिमालय सीमापार बाणिज्य संघ र सिन्धुपाल्चोक उद्योग बाणिज्य संघको महत्वपूर्ण योगदान रहेको र तातोपानी नाका सुचारु एवं पुर्वाधार निर्माणको लागि महासंघको नेतृत्वमा सरकारसँग पहल गरिने बताए । साथै उनले आगामी दिनमा महासंघ हिमालय सीमापार बाणिज्य संघसँग संगसँगै हातेमालो गरेर अगाडि बढने प्रतिवद्धतासमेत जनाए ।

यस्तै नवनिर्वाचित अध्यक्ष अशोककुमार श्रेष्ठले कोभिड महामारीकैबीचमा संघले विभिन्न अस्पतालहरू, चिनसँगको नाका क्षेत्र, सुरक्षाकर्मी र सिन्धुपाल्चोकका स्थानिय निकायलाई स्वास्थ्य सामाग्री वितरणदेखि सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बुमा आएको बाढीकाकारण पीडित भएका परिवारलाई राहत वितरण गरेको बताउँदै आगामी दिनमा व्यवसायीक हकहित र सामाजिक कार्यमा सबैसँग हातेमालो गरेर अघि बढने प्रतिवद्धता व्यक्त गरे ।

## तातोपानी नाका सहज सुचारु गर्न प्रधानमन्त्रीसमक्ष आग्रह

वि.स. २०७२ को भुकम्प पछि सहजरुपमा सुचारु हुन नसकेको तातोपानी नाका पूर्णरुपमा खुलाउन व्यवसायीहरूले प्रधानमन्त्रीसमक्ष आग्रह गरेका छन ।

प्रधानमन्त्री शेर बहादुर देउवालाई बधाई ज्ञापन गर्न गएका नेपाल हिमालय सीमापार बाणिज्य संघ र सिन्धुपाल्चोक उद्योग बाणिज्य संघको टोलीले नाका संचालनको लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन ।

दुवै संघको टोलीले नाका सहजरुपमा सुचारु हुन नसक्दा नेपाल र चिनबीच आयात-निर्यात गर्ने व्यवसायीहरू ठुलो समस्यामा पर्ने'का साथै राज्यको राजश्व संकलनमा समेत अपुरणिय क्षति पुगेको प्रधानमन्त्री देउवा सामू बताएका हुन ।

एक ज्ञापनपत्र नै बुझाउदै व्यवसायीहरूको टोलीले नाका सहज सुचारुका साथै पटक पटकको प्राकृतिक विपत्तिका कारण अवरुद्ध बनेको सडक संजालको तत्काल मर्मत संभारको लागि प्रधानमन्त्री समक्ष आग्रहसमेत गरेको थियो ।

सो अवसरमा हिमालय सीमापार बाणिज्य संघका निवर्तमान अध्यक्ष बच्चु पौडेल र अध्यक्ष अशोक कुमार श्रेष्ठ, सिन्धुपाल्चोक उद्योग बाणिज्य संघका निवर्तमान अध्यक्ष वेदबहादुर श्रेष्ठ र अध्यक्ष होमबहादुर बस्नेत (राजकुमार)सहित दुवै संघका पदाधिकारी उपस्थित थिए ।

# एनआरएन तेस्रो विश्व नेपाली स्वास्थ्य सम्मेलन लण्डनमा




गैरआवासीय नेपाली संघ (एनआरएनए) को आयोजनामा लण्डनमा तेस्रो विश्व नेपाली स्वास्थ्य सम्मेलन हुने भएको छ । सेप्टेम्वर १७ देखि १९ सम्म बेलायतको राजधानी लण्डनमा हुने सम्मेलनमा २५ देशका ३ सयभन्दा बढी नेपाली चिकित्सहरूको सहभागिता रहने छ । सम्मेलनमा ५० भन्दा बढी नेपाली चिकित्सहरूले आआफ्नो कार्यपत्र प्रस्तुत गर्ने गैरआवासीय नेपाली संघ, स्वास्थ्य समितिका संयोजक डा. सन्जिव सापकोटाले बताए ।

सम्मेलन स्वास्थ्य क्षेत्रमा अनुसन्धान, स्वास्थ्य प्रवर्द्धन, प्रयोगशाला, नेपालमा रोक नियन्त्रण केन्द्र, नेटवर्किङलगायत स्वास्थ्यसम्बन्धी उपचार रोकथाम र व्यवस्थापनमा केन्द्रित रहनेछ । सापकोटाका अनुसार सम्मेलनमा विदेशमा रहेका नेपालीहरूको स्वास्थ्य अवस्था, कोभिड १९ महामारीको प्रभाव र चुनौती, नेपालमा खोपको सम्भावना, मुटुरोग, बालबालिका तथा महिलाहरूको स्वास्थ्य अवस्थालगायत विषयमा विज्ञ चिकित्सकहरूले कार्यपत्र पेश गर्ने छन् । लण्डनस्थित नेपाली दूतावास भवनबाट उदघाटन हुने सम्मेलनको समापन अल्डरसटमा गर्ने स्वास्थ्य समितिले जनाएको छ ।

नेपालका प्रथम राष्ट्पति डा. रामबरण यादवको आतिथ्यमा हुने सम्मेलनलाई गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्त, डा. भगमान कोइराला, बेलायती उपल्लो सदनकी सदस्य लर्डस् ब्यानेरस क्यानेडी, डा. सुनिल शाह, गैरआवासीय नेपाली संघका महासचिव डा. हेमराज शर्मा, एनआरएनए स्वास्थ्य अनुसन्धान समितिका संयोजक डा. बोधराज सुवेदीलगायतले सम्बोधन गर्नेछन् ।

सम्मेलनमा नेपाल मेडिकल काउन्सिल, अष्ट्रेलिया नेपाली मेडिकल काउन्सिल, नेपाल नर्सिङ एसोसियन यूके, नेपाली डाक्टर एसोसियसन यूके, गैरआवासीय नेपाली संघ यूके, नरसिङ्ग नेपाली एसोसिएसन यूकेलगायत एक दर्जन संघसस्था तथा प्रतिनिधिहरूको सहभागिता रहने छ ।

तीन दिनसम्म चल्ले सम्मेलनको पहिलो दिन चिकित्सकहरूले भर्च'अल माध्यमबाट आआफ्ना अनुसन्धान पत्र प्रस्तुत गर्ने छन् भने दोस्रो दिन सम्मेलनको औपचारिक उदघाटन हुनेछ । सेप्टेम्बर १९ मा लण्डन घोषणापत्र जारी गर्दै सम्मेलन समापन गरिने गैरआवासीय नेपाली संघको कोभिड १९ उच्चस्तरीय समितिका संयोजक चिरन शर्माले जनाए । गैरआवासीय नेपाली संघको आयोजनामा यसअघि अमेरिकामा पहिलो र दोस्रो स्वास्थ्य सम्मेलन भइसकेको छ ।





# एनआरएनएले पहिलो पटक ल्यायो वैदेशिक रोजगारसम्बन्धीको छुट्टै 'श्वेतपत्र'

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारमा रहेका नेपालीहरूको सुरक्षा, समस्या समाधान र रोजगारीबाट स्वदेश फर्किएकाहरूको पुर्नस्थापनामा जोड दिदै पहिलो पटक 'श्वेतपत्र' सार्वजनिक गरेको छ ।

एनआरएनएका उपाध्यक्ष एवं वैदेशिक रोजगार तथा कल्याणकारी विभाग र एनआरएनए कोभिड-१९ राहत तथा उद्धार कार्यक्रमका संयोजक डा. बद्री केसीको संयोजनमा तयार पारिएको श्वेतपत्र एनआरएनए मुख्यालय काठमाडौमा आयोजित कार्यक्रमकाबीच अध्यक्ष कुमार पन्तले सार्वजनिक गरेका हुन् ।

गैरआवासीय नेपाली संघले श्रमिकका मुद्धा पहिलो प्राथमिकतामा राखेको बताउदै संघका अध्यक्ष कुमार पन्तले विगतदेखिनै नेपाली श्रमिकको समस्या र त्यसको समाधानका लागि राज्यलाई घच्घच्याउदै आएको विषय श्वेतपत्रले समेटेको बताए । उनले प्रवासमा रहेका श्रमिकको समस्या समाधानका साथै स्वदेशमा अनुभव र ज्ञान लिएर फर्किएकाहरूको उचित व्यवस्थापनमा सरकारसँग सहकार्य गरेर संघ अघि बढ्न तत्पर रहेको बताए ।

विशेषगरी कोभिड १९ बाट सिर्जित परिस्थिती र नेपाली श्रमिकको उद्धारका लागि संघले सरकार तथा विभिन्न दातृनिकायसँग सहकार्य र सहयोगको पहल गरेको जानकारी दिदै संघका उपाध्यक्ष एवं श्वेतपत्र संयोजक केसीले यो श्वेतपत्र एनआरएनएको अब आउने नयाँ कार्यसमितिका लागि दिशानिर्देशकारुपमा रहने बताए । उनले भने-'वर्तमान कार्यसमितिले गरेका काम र भोलि आउने कार्यसमितिका लागि दिशानिर्देशनका लागि श्वेतपत्र सार्थक बन्नेछ ।'

कोभिड-१९ को महामारी पछि गैरआवासीय नेपाली संघ र विदेशस्थित नेपाली कुटनैतिक निकायबीचको सहकार्यमा करिब २ लाख नेपालीहरूको उद्धार गरिएको जनाउदै संघले आगामी दिनमा नेपाल सरकार र गैरआवासीय नेपाली संघको सहकार्यलाई अझ सशक्त बनाएर एक संयुक्त स्थायी संरचनामार्फत वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई सहयोगको बाटो खोल्न यो श्वेतपत्रले आधार तयार पार्ने विश्वास लिएको जनाएको छ ।

कोभिड-१९ का कारणले विभिन्न गन्तव्य देशस्थित अस्पतालमा उपचार गरिरहेका नेपालीहरूको लागि आवश्यक सहयोग पुर्‍याउन, वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई आवश्यक तालिम, कानूनी परामर्श, अलपत्रमा परेकाहरूको घर फिर्ती र कोरोना भाइरसको प्रभावका कारण वैदेशिक रोजगारीमा अलपत्र परेर स्वदेश फर्किएकाहरूको उचित व्यवस्थापन र विदेशस्थित नेपाली सरकारी नियोगहरूमा पर्याप्त साधन र स्रोतको समेत व्यवस्था गर्नु'पर्ने आवश्यकता देखिएकोले नीतिगत सुधारका काम गर्न श्वेतपत्रमा उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारीले ल्याएको सामाजिक परिर्वतनसहित कयौ अवसर र चुनौतिहरूलाई समेटेर गैरआवासीय नेपाली संघकोतर्फबाट यो श्वेत पत्र जारी गरिएको संघका प्रवक्ता डिबी क्षेत्रीले बताए । श्वेतपत्रमा विशेषत् नेपालको वर्तमान आप्रवासन स्थिति, गन्तव्य देशहरूमा नेपालीहरूको अवस्था र उनीहरूले भोग्नुपरेको समस्या, नेपालमा फर्किएका नेपालीहरूको पुर्नएकीकरणको सम्भावित उपाय, सरकारबाट अपेक्षा र एनआरएनएको भूमिका लगायतका बारेमा वास्तविक रुपमा चित्रण गर्ने कोसिस गरिएको संघले जनाएको छ ।

कोभिड -१९ पछि नेपालमा वैदेशिक रोजगारीको अवस्था र नेपाली आप्रवासी कामदारले सामना गर्नु'पर्ने समस्या र चुनौतीहरूको पहिचान गरेर त्यसको समाधानका लागि नेपाल सरकार र सरोकारवालाहरूलाई सचेत गराउनुका साथै नेपाली आप्रवासी कामदारहरूलाई सहयोग प्रदान गर्न सक्ने क्षेत्रहरूको पहिचान गर्ने उद्देश्यका साथ श्वेतपत्र जारी गरिएको संघले जनाएको छ ।

श्वेतपत्र सार्वजनिक कार्यक्रममा एनआरएनए उपाध्यक्ष रविना थापा, सल्लाहकार टिबी कार्की, वैदेशिक रोजगारविज्ञ डा. गणेश गुरुङ, रामेश्वर नेपाल, एनआरएनए मलेसियाका निवर्तमान अध्यक्ष हरि भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

# अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

● बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं।

● डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालु अवस्थामा राखौं।

● बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साइरन जडान, एसएमएस, सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# मलेसियाबाट एकै दिन २४ नेपालीको शव र अस्थु नेपाल आयो

गत भदौ ५ गते एकैदिन मलेसियाबाट २४ जना नेपालीको शव र अस्थु नेपाल आईपुगेको छ । रोजगारीको शिलशिलामा मलेसियामा गएका र विभिन्न समयमा मृत्यु भएका नेपालीहरूको शव र अस्थु नेपाल वायुसेवा निगमको वाइडबडी विमानले नेपाल ल्याएको हो ।

वैदेशिक रोजगार बोर्डले मलेसियाबाट नौवटा शव र १५ वटा अस्थु गरी २४ युवकको शव आइपुगेको जनाएको छ । कोभिडका कारण नियमित उडान हुन नसक्दा शव संकलन गरी एकैपटक ल्याइएको वोर्डले जनाएको छ । ९ वटा शव विमानस्थलबाटै मृतकका घरसम्म पठाइएको र अस्थु भने सम्बन्धित मृतकका आफन्तलाई डाकेर जिम्मा लगाइने पनि बोर्डले जनाएको छ ।

झण्डै दुईै दशक यता देशको आर्थिक मेरुदण्डको रुपमा रेमिट्यान्स रहँदै आएको छ । तर विदेशमा कमाउन गएकाहरू भने शवको रुपमा फर्कने क्रम पनि बढ्दो छ । औसत



दिनमा ३ वटा शव विदेशबाट आउने गरेको तथ्यांक वैदेशिक रोजगार वोर्डसँग रहेको छ ।

बोर्डको तथ्यांक अनुसार गत आर्थिक वर्षमा १ हजार २४२ जना नेपालीले विदेशमा ज्यान गुमाएका छन् । यस्तो संख्या अघिल्लो वर्ष ६७४ जना मात्रै थियो ।

# भूपू गोर्खाको अनसन तोडियो बेलायतले नेपाल सरकारसँग वार्ता गर्ने

समान पेन्सन लगायतको माग गर्दै १३ दिनदेखि बेलायती प्रधानमन्त्री कार्यालयअघि आमरण अनसनमा बसेका भुपू गोर्खाहरूको अनसन तोडिएको छ ।

बेलायत सरकार र अनसन बसेका भुपु गोर्खा संघर्ष समितिबीच सहमति भएपछि अनसन तोडिएको हो । बेलायतले एक महिनाभित्रमा नेपाल सरकारसँग वार्ता गर्ने प्रतिवद्धता जनाएपछि अनसन तोडिएको हो ।

बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मी, उपनियोग प्रमुख रोशन खनाल तथा बेलायत सरकारका रक्षामन्त्री लियो डोचर्टीको उपस्थितिमा जुस पिलाएर अनशन तोडिएको थियो । टेन डाउनिङ स्टि्टमा ज्ञानराज राई, पुष्पा घले र धन गुरूङले भोक हड्ताल थालेका थिए ।

यस्तै आमरण अनसन बसेका भूतपूर्व गोर्खाहरूको सम्बन्धमा सर्वोच्च अदालतले नेपाल सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा तत्काल बेलायत सरकारसँग वार्ता गर्न र आमरण अनसनमा रहेका तीन जना भुपू गोर्खाहरूको जीवन रक्षाका लागि



आवश्यक पहल गर्न अन्तरिम आदेश जारी गरेको हो । सर्वोच्चद्धारा जारी गरिएको यस निर्णय आन्दोलनकारीहरूका लागि एउटा ठूलो नैतिक जित भएको बताइएको छ ।

# पद्मोदयमोडमा सुरु भयो
# जुत्ता एक्सचेञ्ज मेला
## पुरानो जुत्ता ५ सय रुपैयाँसहित एक्सचेन्ज गर्दा थप २५ प्रतिशत छुट

पुरानो जुत्तासँग नयाँ जुत्ता साट्न पाउने आकर्षक अफरसहित काठमाडौंको पुतलीसडक पद्मोदय मोडमा 'जुत्ता एक्सचेञ्ज मेला' शुरु भएको छ । कोभिड १९ पछि यही भदौ १८ गते शुक्रबारदेखि शुरु हुने एक्सचेञ्ज मेलामा प्रत्येक पुरानो जुत्ताको ५ सय रुपैया प्रदान गरिनेछ ।

काठमाडौं पुतलीसडकबाट प्रदर्शनीमार्गीतिर मोडिने वित्तिकैको पद्मोदय मोडमा नेपालका प्रख्यात ब्राण्डका जुत्ताहरूको एक्सचेञ्ज मेलामा कोभिडको स्वास्थ्य मापदण्ड पालना गरिएको आयोजकको भनाई छ ।

मेलामा जुनसुकै ब्राण्डका पुराना जुत्ता ल्याएर नयाँ जुत्ता साट्न पाइनुका साथै प्रत्येक पुरानो जुत्ताको ५ सय रुपैया मुल्यांकन गरेर त्यसमा अझ २५ प्रतिशत छुटसहित नयाँ जुत्ता दिइने थप आकर्षक अफर छ ।

नेपाली उपभोक्तालाई नयाँ-नयाँ जुत्ता लगाउन प्रेरित गर्नका लागि एक्सचेञ्ज मेला आयोजना गरिएको मेला आयोजक प्रमोद महतोको भनाई छ । 'यसअघि पनि पटक-पटक यस्ता मेला आयोजना गर्दा उपभोक्ताहरूको व्यापक चासो र भिड देखिएकाले कोभिडपछि पहिलो पटक अहिले एक्सचेञ्ज मेला आयोजना गरेका हौं' आयोजक महतोको भनाई छ ।

एक्सचेञ्ज मेलाका लागि नै भनेर जुत्ता कम्पनीले १ सय ५० भन्दा बढि नयाँ र लेटेस्ट डिजाइनका जुत्ता लन्च गरिएको छ । नेपाली




उपभोक्तालाई आफ्नो ब्राण्डको जुत्ता लगाउने वानी बसाल्नका लागि यस्तो आकर्षक अफर ल्याएको र जुत्ताको बजार मुल्य अनुसार नै छुट दिइएकाले उपभोक्तालाई फ्याक्ट्रीको उत्पादन लागत भन्दा सस्तो मूल्यमै नयाँ जुत्ता उपलब्ध हुने आयोजक जीवन श्रेष्ठको भनाई छ ।

जुत्ता एक्सचेञ्ज मेलामा केटिएम सुज, भेनस सुज, फुटस्टेप सुजका नयाँ नयाँ डिजाइनका जुत्ता राखिएका छन् । हरेक ब्राण्डका जुत्तामा कम्तिमा ६ महिनाको वारेण्टी रहेको छ । स्वदेशमा बनेका जुत्ताचप्पलले नेपालीहरूको मन जितिरहेको अवस्थामा अझ नेपाली उपभोक्तालाई आकर्षित गर्नका लागि एक्सचेञ्ज मेला सार्थक हुने अर्का आयोजक आरसी केसी बताउँछन् ।

काम नलाग्ने वा फ्याक्न लागेका जुत्तासँग नयाँ जुत्ता साट्न पाउँदा उपभोक्ता मख्ख परेर मेलामा पुग्ने अनुमान छ ।

## मेगा बैंकका ग्राहकलाई ओम अस्पतालमा छुट

मेगा बैंक नेपाल लिमिटेडका ग्राहकहरूलाई काठमाडौंको चावहिलस्थित ओम अस्पताल तथा रिसर्च सेन्टरले विशेष छुट दिने भएको छ ।

मेगा बैंक नेपाल लिमिटेड र ओम अस्पतालबीच मेगा बैंकका ग्राहकहरूलाई स्वास्थ्य उपचारमा विशेष छुट र प्राथमिकता दिने सम्झौता भएको हो ।

सम्झौता अनुसार मेगा बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकहरूले ओम अस्पतालमा कुल बिलको १०.५० प्रतिशतसम्म छुट पाउनेछन् । यसैगरी, मेगा बैंकका ग्राहकहरूलाई प्राथमिकता दिँदै अस्पतालले उपचारमा 'फास्ट ट्र्याक मेडिकल



सर्भिस' प्रदान गर्ने भएको छ । मेगा बैंकका ग्राहकहरूलाई यसअघिदेखि नै काठमाडौं लगायत देशका विभिन्न अस्पतालहरूले विशेष छुट दिँदै आएका छन् ।

## प्रभु बैंक र ग्लोबल एकेडेमीबीच सम्झौता

प्रभु बैंक लिमिटेड र काठमाडौं, मण्डिकाटारस्थित ग्लोबल एकेडेमी अफ टुरिजम एण्ड हस्पिटालिटी एजुकेशनबीच विद्यार्थीलाई शैक्षिक कर्जा उपलब्ध गराउने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । सो सम्झौता पत्रमा प्रभु बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन र कलेजका तर्फबाट प्रमुख कार्यकारी अधिकृत खेमराज लकाईले कलेजमा आयोजित एक कार्यक्रममा हस्ताक्षर गरेका हुन् । प्रभु बैंक र ग्लोबल एकेडेमीबीच सम्पन्न सम्झौता बमोजिम होटेल तथा पर्यटन विषय लिई उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई उक्त कलेजको सिफारिसमा प्रभु बैंकले आवश्यक प्रक्रिया पूरा गरी अधिकतम रु. ५ लाखसम्मको शैक्षिक कर्जा सुविधा उपलब्ध गराउनेछ ।




# प्रभु क्यापिटलको तीज विशेष 'प्रभु ऐश्वर्य योजना'

प्रभु क्यापिटलले तीज विशेष प्रभु ऐश्वर्य योजना सञ्चालनमा ल्याएको छ । क्यापिटलले लगानी व्यवस्थापन सेवा अन्तर्गत प्रभु ऐश्वर्य योजना सञ्चालनमा ल्याएको जनाएको छ ।

महिलाहरूको महान चाड तीजको अवसर पारेर महिलाहरूलाई केन्द्रित गरी उनीहरूको आर्थिक सशक्तीकरण र वित्तीय स्वतन्त्रतामा सहयोग पुऱ्याउन यो योजना सहयोगी हुने अपेक्षाका साथ प्रभु ऐश्वर्य योजना सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ । यो योजनामा सहभागी हुन चाहने महिला ग्राहकहरूले न्यूनतम ३ लाखबाट लगानी व्यवस्थापन सेवा शुरु गर्न सक्नेछन् । यसमा क्यापिटलले वार्षिक रुपमा लिने लगानी व्यवस्थापन सेवाको शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था पनि गरेको छ ।

'महिलाहरूलाई आर्थिक रुपले सबल बनाउनु भनेको समाजलाई नै सशक्त बनाउनु हो' भन्ने अवधारणाले यो योजना ल्याएको क्यापिटलले जनाएको छ । यस योजनामा संलग्न भएका ग्राहकहरूले यस क्यापिटलका अन्य पीएमएसका योजनामा जस्तै दैनिक रुपमा अनलाइनबाटै आफ्नो पोर्टफोलियो हेर्न सक्ने साथै साप्ताहिक पोर्टफोलियोको विवरण इमेलमार्फत पाउने व्यवस्था गरिएको पनि क्यापिटलले जनाएको छ ।

# कोभिडका कारण १७ प्रतिशत होटल पूर्ण रूपमा बन्द

कोभिडका कारण १७ प्रतिशत होटल बन्द भएको र पर्यटन उद्योगमा कार्यरत १० लाखभन्दा धेरै श्रमिकरमजदुरको रोजगारी जोखिममा परेको छ ।

नेपाल उद्योग परिसंघले पर्यटन क्षेत्रसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिसँग विद्यमान सङ्कट र त्यसको समाधानका उपायका विषयमा गरेको छलफलमा उक्त जानकारी गराइएको हो । छलफलमा सहभागीले देशव्यापी रूपमा कोभिड-१९ विरुद्धको भ्याक्सिन लगाएर नेपाललाई भ्रमणका लागि सुरक्षित गन्तव्यको पहिचान दिन सरकारले काम गर्नु'पर्ने सुझाव दिएका छन् ।

पर्यटन क्षेत्रसँग सम्बन्धित १७ वटा संघसंस्थाका प्रतिनिधि सम्मिलित छलफलमा उनीहरूले पर्यटन उद्योगको पुनरुत्थानमा सरकारले विशेष जोड दिनुपर्ने, पुनरुत्थानका लागि बिनाधितो ऋण र कर पुनर्कर्जाको सुविधा सम्पूर्ण व्यवसायीलाई उपलब्ध गराउने व्यवस्था मिलाउन माग गरेको परिसंघले जनाएको छ ।

यसैगरी पीसीआर रिपोर्टमा नेगेटिभ उल्लेख भएका र भ्याक्सिनको पूर्ण डोज प्राप्त गरेका पर्यटकलाई क्वारेन्टाइनमा राख्नु नपर्ने व्यवस्था गर्न पनि माग गरेका छन् । परिसंघका उपाध्यक्ष राजबहादुर शाहले व्यवसायीका प्रत्येक समस्या समाधानका लागि परिसंघ अग्रस्थानमा रहेर काम गर्ने बताए ।

# धितोपत्र बोर्ड सदस्यबाट चन्द्र ढकालले दिए राजीनामा



नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल धितोपत्र बोर्डको सञ्चालक समितिबाट राजीनामा दिएका छन् ।

महासंघको प्रतिनिधित्व गर्दै बोर्डको सञ्चालक समिति सदस्य रहेका ढकालले महासंघका अध्यक्षलाई पत्र लेख्दै समितिको सदस्यमा नबस्ने जानकारी दिएका हुन् । उनले आफू पदमा रहेभन्दा अगाडीको विषय समेत उठाइएका कारण आफू बोर्डको सदस्य नबस्ने जनाएका हुन् ।

सर्वोत्तम सिमेन्टको सेयर खरिद प्रकरणमा मुछिएका थिए । यद्यपि, ढकालले महासंघले विज्ञप्ति जारी गर्दै ढकाल वरिष्ठ उपाध्यक्ष बन्नु अगाडि नै सेयर खरिद भइसकेको जनाएको थियो ।

# बाढी पीडितलाई ग्लोबल आइएमई बैंकद्वारा राहत वितरण




ग्लोबल आइएमई बैंक लिमिटेडले बाढी प्रभावित क्षेत्रका बासिन्दालाई राहत वितरण गरेको छ । बैंकले अविरल वर्षाका कारण नवलपरासीको बर्दघाट सुस्ता पश्चिममा आएको विनाशकारी बाढीबाट प्रभावितहरूलाई राहत सामग्री वितरण गरेको हो । बैंकले विपतबाट प्रभावित नवलपरासी बर्दघाट सुस्ता पश्चिम, रामग्राम नगरपालिका वडा नं १८ पम्फापुरका १३५ घरपरिवारलाई प्रति घरधुरी चामल, चिउरा, दाल, नुन, तेल, बेसार तथा मिनरल वाटर (पानी) लगायतका सामग्री वितरण गरेको हो । बैंकको लुम्बिनी प्रादेशिक कार्यालयले रामग्राम नगरपालिकासँग समन्वय गरी शाखा कार्यालयहरू भुमही र परासीको संयोजकत्वमा उक्त राहत सामग्रीहरू वितरण गरिएको जनाएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीलाई नेशनल बैंकिङ इन्ष्टिच्युटले तालिम दिने



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्ष्टिच्युट लिमिटेडबीच बैंकिङ्ग तालिम संचालन गर्ने सम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले हस्ताक्षर गरेका छन्।

उक्त सम्झौता पश्चात गत वर्ष जस्तै चालु आर्थिक बर्ष २०७८/०७९ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरूको कार्यदक्षता अभिबृद्धिको लागि नेशनल बैंकिङ्ग इन्ष्टिच्युटले विभिन्न विषयमा नियमित रुपमा बैंकिङ्ग तालिम प्रदान गर्ने बेंकले जानकारी दिएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले लिएको उद्धेश्य हासिल गर्नका लागि नियमितरुपमा कर्मचारीहरूलाई तालिम दिईरहेको र यस्ता तालिमले बढिरहेको जोखिमको सामना गर्न सघाउ पुगेको बताए।

इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले बैंकिङ क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीलाई प्राथमिकताका साथ तालिम दिने गरेको बताउँदै तालिमले बैंकिङ्ग क्षेत्रमा भएको ज्ञानको कमीलाई पुरा गरेको बताए। बैंकले हाल सातै प्रदेश ७७ जिल्लामा २४७ वटा शाखा कार्यालय, २०९ वटा एटिएम र ९८ वटा शाखारहित बैंकिङ सेवामार्फत आफ्नो सेवा प्रवाह गरिरहेको छ।

# डिशहोम फाइबरनेट सेवा बनेपामा

डिशहोमले आफ्नो उच्च गतिको इन्टरनेटलाई देशैभर विस्तार गर्ने क्रममा काभ्रेपलाञ्चोकको बनेपा शहरमा यो सेवा विस्तार गरेको छ।

उच्च गतिको इन्टरनेट सेवाको मागलाई मध्यनजर गरि आफ्ना डिटिएच प्रयोगकर्ताहरूको माग पूरा गर्न डिशहोमले सन् २०२० मा डिशहोम फाइबरनेट सेवा सुरु गरेको हो। डिशहोमको फाइबरनेट प्रत्येक व्यवसाय र बासिन्दालाई छिटो, किफायती र भरपर्दो सेवा प्रदान गर्न प्रतिबद्ध रहेको कम्पनीको भनाई छ। काठमाडौं, भक्तपुर, ललितपुर, हेटौडा, ईनरुवा, ईटहरी, बर्दिवास, बुटवल, धरान, ढल्केबर, जनकपूर र बिराटनगरमा यस अघि नै डिशहोम फाइबरनेटको सेवा पुगिसकेको छ। समग्र नेपालमा पुग्ने लक्ष्य लिएको डिशहोम




फाइबरनेट अहिले बनेपामा पुगेको र छिटै नेपालका प्रमुख शहर पोखरा, नेपालगञ्ज, धनगढी, विर्तामोड, विरगंज लगायत अन्य स्थानमा पनि विस्तार गर्ने तयारी रहेको डिसहोमले जनाएको छ।

डिशहोम फाइबरनेटका साथमा उत्कृष्ट इन्टरनेट कनेक्सनको अनुभवसहित, डिशहोमका ग्राहकहरूका लागी डिशहोम टिभीको निःशुल्क सदस्यता, आकर्षक छुटहरू, निःशुल्क डिशहोम न्इ ब्उउ र ह्ख्इम् जस्ता विभिन्न सुविधाहरू उपलब्ध छन्। फाइबरनेटका योजनाहरू १० एमविपिएस देखि १०० एमविपिएससम्म उपलब्ध छन्। डिशहोम फाइबरनेटको बारेमा थप जानकारी चाहिएमा ९८०१५४४०००मा संम्पर्क गरि जानकारी प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ।

CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर

الملا للصيرفة
AL MULLA EXCHANGE

# सिटी एक्सप्रेस र कुवेतको अल मुल्ला एक्सचेन्जबीच रेमिट्यान्स कारोबार सुरु

कुवेतको ख्यातिप्राप्त अल मुल्ला एक्सचेन्ज र सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच रेमिट्यान्स कारोबार सुरु भएको छ। अल मुल्ला एक्सचेन्ज कुवेतको पहिलो मोबाईल एप्लिकेशन शुरु गर्ने रेमिट्यान्स कम्पनी हो, जसको १०२ स्थानहरूमा आफ्ना शाखाहरू उपलब्ध छन्।

यो सेवा सुरु भएसँगै कुवेतमा रहेका नेपालीहरूले अल मुल्ला एक्सचेन्जको सेवा प्रयोग गरी सिटी एक्सप्रेस मार्फत सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सक्ने र नेपालमा सिटी एक्सप्रेससँग आबद्ध १२,००० भन्दा बढि एजेन्टहरूबाट सजिलै भुक्तानी लिन सक्नुका साथै नेपालको जुन सुकै बैंकको खातामा पनि रकम जम्मा गर्न सकिने र मोबाईल वालेटमा लोड गर्न सकिने सिटी एक्सप्रेसले जानकारी दिएको छ।

सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १५ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १२,००० भन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको छ।

# 'आइएमई पे'एपबाट क्युआर स्क्यान गर्दा १ हजार जित्न सकिने




'एप एक क्यु आर अनेक' भन्ने मूल नाराका साथ अब आइएमई पे एपबाट नेपालमा उपलब्ध सबै क्यु आर स्क्यान गर्दा रू .१ हजारसम्म जित्न सक्ने योजना सार्वजनिक गरिएको छ।

उक्त योजना १६ भदौदेखि १४ असोज २०७८ सम्म लागू हुने उक्त योजना अन्तर्गत नेपालमा उपलब्ध फोन पे, स्मार्ट क्यु आर, युनियन पे र आइएमई पे क्यु आर सेवाग्राहीहरूले सजिलै आइएमई पे एपबाट स्क्यान गरी भुक्तानी गर्न सकिने आइएमई पेले जनाएको छ। सबै क्यु आर स्क्यान गरी भुक्तानी गर्न मिल्ने आइएमई पे एप एक मात्र विद्युतीय भुक्तानी सेवा प्रदायक एप हो।

नेपालमा क्यु आर स्क्यान गरी भुक्तानी गर्ने व्यवहार बढ्दै गरेको परिप्रेक्षमा नेपाल सरकारको डिजिटल नेपाल अभियानलाई आत्मसात गरी उक्त अभियानमा सहभागी हुँदै आएको आइएमई पेको यो सेवाले डिजिटल नेपाल अभियानलाई थप बल मिल्ने विश्वास लिएको कम्पनीको भनाई छ।



# सेतो बाकस

**आज ठीक आठ महिनापछि एयरपोर्टमा एउटा सेतो बाकस छ । त्यो बाकसभित्र भक्तेका बुवाको निर्जीव शरीर छ । लास बुझ्नका लागि ऊ एक्लै गाउँबाट आएको हो । महामारीले थल्लिएका बुवाको लास बुझ्न ऊ आएथ्यो ।**



■ युवराज नयाँघरे

'तेरी आमाले पकाएजस्तो त काँ हुन्छ र ?'

बुवाले भनेको कुरा भक्तबहादुरले सम्झिरह्यो ।

त्यो दिन बिहान खानै नखाई स्कुल गएथ्यो ऊ । बेलुकी खाडीबाट बुवाले सम्झाएर भक्तबहादुरलाई फकाएर भनेथे- 'जे पाक्छ । खाएर खुरुखुरु स्कुल जानु ।'

'म यहाँ तेरी आमाले पकाएको खान नपाएर छटपटिएको छु । तँ चैं पाएर पनि मात्तिन्छस् ।'

'खा-खा । तेरी आमाले पकाएजस्तो मीठो यो ठाउँमा कत्ति गरे पनि हुँदैन ।'

बुबाले भनेको पनि उसले अहिले ख्याल गरिरह्यो ।

कक्षा आठमा छँदा फिस नतिरेको पीरमा ऊ छटपटाइरहेथ्यो । एक हप्ता बाँकी थियो- जाँच सुरु हुन ।

'आमा फिस नतिरे जाँच रोकिन्छ । मेरो जाँच रोकिए त मैले घरको आँगन कसरी टेक्नु ?'

भक्तबहादुरले आमालाई गनगन गरिरह्यो ।

ऊ जाँच दिन नपाउँला कि भनेर भुटभुटिरहेथ्यो । दुई दिन अघिसम्म उसले आश मारेको थियो- परीक्षा दिन पाउँला भनेर ।

जाँचकै दिन बिहान बुबाले फोनमा भनेको अहिले ऊ सम्झिरहेको छ -'भक्ते दिउँसो सम्ममा स्कुलको फिस आइपुग्छ । तेरो परीक्षा रोकिन्न । मैले हेडसरलाई भनिसकेको छु ।'

नभन्दै भक्तेले जाँच दियो ।

त्यो दिन ऊ कहिल्यै बिर्सदैंन ।

'बुवा त परदेशमा बसेर के गर्नु -घरको चिन्तामा डुब्नु भएको रहेछ ।'

परीक्षा दिइरहँदा उसले मनमा कुरा खेलाएथ्यो ।

बैनीको बिहे गर्ने कुरा चल्यो ।

सानोतिनो खर्चले टर्ने अवस्था थिएन । आमालाई पीरैपीर थियो । सबै कुरा त जोहो भयो ।

तर सुनको जोहो भएको थिएन ।

'कुटुम्ब राम्रा परेका छन् । यो परिवार उम्काउनै मन छैन । के पो गर्ने होला ।'

आमाले रातभरि पीर गरेको उसले देखेको थियो ।

झ्याइँ-झ्याइँ बाजा बजाएर बहिनी त अन्मिइन् । तर आमाको अनुहार भित्र पनि बाहिर पनि अँध्यारै थियो ।

ठीक एक हप्तापछि आमा मज्जाले हाँस्नु भयो ।

'तेरा बुवा अचम्मैका । उहिल्यै सुनको पैसा तिरिसक्नु भएको रहेछ । यता बिहेभरि आँसु बगिरह्यो पीरैपीरले । बल्ल खबर थाहा पाएर सन्चो भएको छ ।'

आमाले हाँसेर भन्नुभयो ।

भक्तेले आमालाई सोध्यो- 'अनि फोनमा सोध्नु भएन त ?'

'बुबा काममा परेर अर्कै शहर जानु भएथ्यो त्यो बेला । फोन सम्पर्क नै भएन । सुनले गर्दा बिहे नरोकियोस् भनेर बुवाले तिरिसक्नु भएको रहेछ ।'

'बुबा खाडीमा भएर के गर्नु- घरकै पीर र चिन्ताको खाल्डो कसरी पुर्नु भनेर चिन्तित हुनुहुन्छ ।'

आमाको अनुहारमा उज्यालो भएर हाँसो फुलेको क्षण भक्ते अहिले पनि सम्झिरहेको छ ।

हजुरआमा निकै बिरामी पर्नु भयो । अस्पतालमा बस्दा-बस्दा सबैजना बिरामी जस्तै परिसकेथे । खर्च पनि कति हो कति ! घरका सबैजना अत्तालिइसकेथे ।

'एकलाख रुपैयाँ नहुने हो भने -बिरामी लैजान पाइन्न ।'

आमाले भनेको यो कुरा मेरा कानमा गुन्जिरहेकै थियो ।

'घरमा छोरो मान्छे चाहिने भनेकै यस्तै बेला हो । कतै न कतैबाट व्यवस्था हुन्थ्यो नि ।'

हजुरबा पनि छटपटिरहनु भएको थियो ।

राति आमाले खाडीमा फोन गरेको सुनेको थिएँ । बिहानै कता-कताबाट लाखको चेक आइपुग्यो ।

आमाले बुवाका लागि मनैदेखि भगवान् लाई धन्यवाद भनिरहनु भयो ।

'तेरा बुवा खाडी नजानु भएको भए हजुरआमालाई घरै लैजान सकिन्न थियो नि !'

आमा हाँसेको त्यो क्षण पनि अहिले ऊ सम्झिरहेको छ ।

दुई वर्ष अगाडिको कुरा होला -मधेसमा खुबै हावा लागेर रुखपातहरू ढले । घरका छानाहरू उडाएर घर-बस्तीको बिचल्ली भयो ।

हामी सबै सानो छाप्रो बनाएर बसेका थियौं । गोठको छानो लच्केर भुइँमै टासिएको



थियो । मकैका बोट ढलेका थिए भुइँमै सोत्र् याम्मै । रुखका हाँगा भाँचिएर घरका छाना थिचिएका थिए ।

आफ्नो घरको बिजोग देखेर आमाका आँखा चिसा देख्थेँ म । मेरो स्कुलको ड्रेस, किताब कापी पनि छानो उडेका घरमै थन्केका थिए ।

'अब यो घर पो कसरी बनाउने होला ?'

हजुरबालाई पीर थियो । त्यो पीरमा अरु दुःख थपिएको थियो- कसरी घरभित्र पस्ने ? कहिले पस्ने ? कुन दिन पस्ने ?

एक हप्तापछि आँगनमा सबै जना बसेर कुरा गरिरहेकै थियौँ । भाइ बाख्राका पाठासँग खेल्दै थियो । बैनी दलिनको पिडमा मच्चिरहेकी थिई ।

आमा खोले पकाउँदै हुनुहुन्थ्यो गाईलाई ।

अगाडिको छानो उडेको घर हेर्दै सबैका अनुहारमा नमिठो छाँया थुप्रिएको लाग्थ्यो । हजुरबाले बिँडी तानेर भन्नुभयो- 'छोरोले खबर त पायो । तर उसले रातारात के जोहो गर्ला र ?'

आमा, हजुरआमा, हजुरबा सबैलाई यो घरको चिन्ता थियो । सबैका आँखा यही घरको छानोमा थिए ।

साँझतिर होला एउटा ठूलो र अग्लो ट्याक्टरले सेतो टिनको बन्डल ल्याएर घरको आँगनमा खसालिदियो ।

हामी सबै छक्क पर्‍यौँ ।

'दाइले हिजै फोन गर्नुभएको थियो । म ब्यस्त भएँ । आज बल्ल फुर्सद पाएर यो जस्तापाता ल्याइदिएको । भोलि र पर्सिमा कर्मी आएर टिन ठोकिदिन्छन् । खर्चबर्च दाइले बैंकमा पठाउनु भा' रै'छ ।'

पसलेले यति भनेपछि हजुरबुवा, आमा र हजुरआमाका आँखा एकाएक रसाएको भक्तेले देखेथ्यो ।

घरबाहिर बसेर पनि घरको सबै खबर बुझिरहने आफ्नो बुवाको मन देखेर ऊ पनि रमायो ।

जस्ता पाता ठोकेर सकिएको राति बुवाको फोन आएको थियो । अब एक हप्तामै खेती रोपेर सक्नुपर्ने थियो । पछि ढिलो गरे पानी नपर्ने, घाँसले दुःख दिने, कीरा लाग्ने हुन्थ्यो ।

दिउँसो भक्तेले नै चराएर गोठमा गोरु बाँधेको थियो । भोलिपल्ट जोत्न लैजानलाई जाँदा एउटा गोरु दाम्लै सहित मरेको रहेछ । त्यो देखेर सबैका आँखा-आँखामा टिलपिल टिलपिल आँसु देखियो ।

आमा त भान्सामा पसेर रुनै थाल्नु भो- क्वाँ-क्वाँ ।

'कसरी यस्तो भो ?'

भक्तेले आमालाई नै प्रश्न गर्‍यो ।

'मैले हिजो दिनभरि चराएर ल्याएको हुँ । राम्रै चरेको थियो । के आपत आइपर्‍यो । अब खेत पो कसरी जोत्ने ? एउटा गोरुले मात्र जोतिर्दैन । अर्को हल बाँध्न त्यस्तै बहर चाहियो ।'

भक्तेले आमा छेउमा फतफताइरह्यो ।

'चालीस हजार दिएका थिए । बेचेको भए नि हुन्थ्यो कि बरु ?'

हजुर आमाले पनि त्यही भन्नु भो ।

वल्लो घर, पल्लो घरको मद्दतले खेती उम्काए उनीहरूले । रोपाइँ सकेकै बेलुका पल्लो गाउँको धिमाल अन्तरेले तीस हजार गनेर दियो आमालाई ।

'आज दिउँसो मलाई दिनु भनेर खाडीबाट दाइले फोन गरेथे । अब यो पैसा थपेर हल पुरा गर्नु अर्को गोरुको जोडी ।'

पैसा हातमै लिएर आमा, हजुरबा, हजुरआमा सबै उज्यालिनु भयो । कसको घरमा मिल्दो बहर होला भनेर गफ्फिन थाल्नुभयो ।

'अब बल्ल आँखा ओभाउने भए !'

आमाले यसो भनेको भक्तेले कहाँ बिर्सनु र ?

पोहोर चौरासी पूजा गर्ने तयारी भयो हजुरबुवाको । साइत हेराइसकेपछि गरिहाल्नु पर्‍यो ।

थोरै खर्चले नपुग्ने भयो । अन्नपात त घरमै जोहो गरियो । तर पन्डित, आफन्त र नातेदारलाई दान गर्ने सबै सरसामानको लिस्ट हेरेर आमा अत्तालिरहनु भएको थियो ।

'एउटा सुनको चुरा छ । त्यही बेच्नु पर्ला । खर्च कतैबाट जोहो गर्न सकिएन ।'

आमा यसै भनिरहनु भएको थियो ।

बुवालाई घरमा चौरासीको चहलपहल बारे गएकै महिनादेखि थाहा थियो ।

त्यही भएर होला सत्तरी हजार पठाइदिनु भएछ ।

राति आमासँग बुवाले फोनमा कुरा गरेको भक्तेले पनि सुनेछ- 'त्यही बुबाले जन्माएर, हुर्काएर लेखपढ गराएपछि यति सहयोग मैले नगरी हुन्छ त । सराद्धेभन्दा यही कर्म ठूलो ।'

धुमधामले चौरासी पूजा सम्पन्न भयो ।

आज ठीक आठ महिनापछि एयरपोर्टमा एउटा सेतो बाकस छ । त्यो बाकसभित्र भक्तेका बुवाको निर्जीव शरीर छ । लास बुझ्नका लागि ऊ एक्लै गाउँबाट आएको हो । महामारीले थल्लिएका बुवाको लास बुझ्न ऊ आएथ्यो ।

भक्तबहादुरले सामुन्नेको सेतो बाकस हेर्‍यो । त्यहाँ लेखिएको बुवाको नाम पढ्यो । सरकारी कागजमा सही गर्‍यो ।

'हिजोसम्म मलाई भरिपूर्ण पार्ने बुवालाई गुमाएँ । अब कसले मेरो रित्तो संसार भरिदेला ।'

उसका मनमा कुरा खेलिरहेथे ।

एयरपोर्टमा सेतो बाकसको संख्या गन्नै सकेन भक्तेले- 'एक, दुई, तीन, चार । अरु भन् कति-कति...!'





**आफनो सीप र क्षमता अनुसारको काम र राम्रो तलब सुविधाको वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरुमा जानु परेमा सीधै हामीलाई सम्झनुहोस ।**

श्रम इजाजत नं. ३८५/०५९/०६०

**बिएम ओभरसिज प्रा.लि.**

बिजुलीबजार, नयाँ बानेश्वर काठमाडौं, फोन : ०१-४७८२१२९, ४७८५०५५

# चिया खानु भो ?

हरिशलाई भने चित्त बुझेको रहेनछ । सायद उसको आश अर्कै हुनसक्छ,
सगुन पिउनु भो ? आउनुस् अलिकति लिनुस् भनिदिए हुन्थ्यो भन्ने होला वा नहोला पनि ।

मंसिरको महिना झमक्कै साँझ पर्न लागेको थियो ।

भोलि बिहानको लागि दारी काट्ने रेजर किन्नु पर्‍यो भनेर चौकको पसलतिर जाँदै थिएँ म । बाटोमा भेटिए हरिश ।

एक्लै भुतभुताउँदै घरितिर उकालिँदै थिए उनी । राम्रोसँग खुट्टा टेकिएको थिएन उनको ।

'कसलाई के गाली गर्दै हिँड्नु भा हो हरिश जी ?' मैँले बोल्ने मेलो गरेँ ।

हि..हि... गरेर पहेँला चुरोटे दाँत देखाउँदै हात जोडेर अभिवादन गरे उनले । हात नउठाई मुखले मात्र अभिवादन फर्काएँ मैँले पनि । उनले दाहिने हात अघि सारे । मैँले हात दिएँ बलियो गरी हात मिलाए । अझ भनौं मलाई मन नपर्ने गरी हात समातेर हल्लाई रहे कमरेड शैलीमा ।

बल्लतल्ल उनको हातबाट आफूलाई मुक्त गरेँ ।

बच्चाले साथीहरूको पोल आफ्नी ममीलाई लगाए जसरी उनले पोल लगाए मलाई ।

'चिया खानु भो ? रे । जति बेलै चिया ? भात खानेबेलामा पनि चिया ? खाजा खानेबेलामा पनि चिया ? हुँदाहुँदा रक्सी खानेबेलामा पनि चिया खानु भो भनेर सोध्ने ?' जंगिए जस्ता भए ।

उनको कुरो बुझियो ।

'कसले सोध्यो हरिशजी त्यसरी समयको ख्यालै नगरी ?' मैँले जान्न चाहेँ ।

'तपाईंलाई थाहा छैन ? चुनिखेलमा कसले सोध्छ ? याँका नेवारहरूले ।' ब्यक्ति नतोकी जवाफ दिए । र थपे-मैँले त भनिदिएँ रक्सी खाछु चिया खाको छैन भनेर । 'भेट् यो आज त्यसले यो कार्कीको जवाफ ।' हि..ही.. गरेर हाँस्दै बाटो लागे उनी । म पनि लागेँ पसलतिर ।

हरिश पनि मैँ जस्तो उपत्यका बाहिरबाट आएर घरबास जोडेका मान्छे ।

ओखलढुंगाबाट काठमाडौ आएपछि एकजना ठेकेदारसँग भेट भएछ । उनको ठेक्काको घरमा लेबर, मिस्त्री हुँदै आफु पनि ठेकेदार बनेर जीवन चलाएका हुन् । जीवन मात्र चलाएनन् तीन आना घडेरी र सानो चिटिक्कको घर नै जोडेका छन् ।

राम्रो नलाए पनि राम्रै खान्छन्, चाहेकै कुरा खान पाएका छन् । महंगो स्कुलमा



■ शम्भु सुस्केरा

पढाएका छन् दुई सन्तानलाई । उनकी श्रीमतीको छड्के तिलहरीको धाक वस्ती छिचोलेर मेरा कानसम्मै आइपुगेको छ ।

म लरतरो ठेक्दार हैन, राम्रो सामान र राम्रो काममा सम्झौता हुँदैन भन्ने बाहेक कुनै धाक लाउनु छैन उनलाई । बरु थकान मेट्ने गरी साँझ शक्तिशाली जल पिउन नपाए दुःख मान्छन् । एकताका तेह्रदिने काकाको जुठो बारेका र'छन् । त्यो रस खान नपाएर तेह्रै दिन मरेका काकालाई सरापीरहे भन्थे सुन्नेहरू ।

यस्ता मान्छेलाई जतिबेला जाँ भेटेपनि चिया खानु भो ? भनेर सोधे पछि के नतातुन् ।

सुरुका एक दुई वर्ष त मलाई पनि अनौठै लागेको हो । बिहान, बेलुका दिउँसो जाँ जतिबेला बृद्ध, युवा बालबालिका जसले भेटेपनि सोध्ने कुरा एउटै हुन्थ्यो चिया खानु भो ?

खाना खानु भो ? काँ हिँड्नु भा ? काँ गएर आउनुभको ? सन्चै हुनुहुन्छ ? के छ खबर ? अनेक हुनसक्छन् बोल्ने बहाना । तर त्यहाँका रैथानेको शिष्टता एउटै हुन्छ चिया खानु भो ? आउनु चिया खाएर जानु ।

अब त बानी परेँ म पनि ।

मीठो बोलीले शिष्टतापूर्वकको सम्मानमा किन बानी नपर्नु । अपनत्व महसुश हुन्छ । यसमा रिसाउनु पर्ने कुरा के छ र ?

काठमाडौँको मध्य उत्तर, बुढानिलकण्ठको दक्षिण पश्चिम, कपन गुम्बाको उत्तर चुनिखेल गाविस, हाल १३ नम्बर वडा बुढानिलकण्ठ नगरपालिकाको ।



पुरानो नेवार वस्ती र थपिँदै गएको मिश्रित जिल्लाको मिश्रित वस्ती ।

विभिन्न गुठी, संगीत समुह र तिनले आयोजना गर्ने मौलिक बाजागाजा सहितको विभिन्न जात्रा सहितको भोज–मुख्य सांस्कृतिक परिचय हो यहाँको ।

बाध्य वादनमा तन्नेरी युवायुवती सरोबरी देखिन्छन् । युवतीको हकमा भने अविवाहित भन्दा बढी विवाहित नै हुने गर्छन् । छोरीहरूलाई बाध्यवादन सिकाए विवाहसँगै लिएर जान्छन् बुहारीलाई सिकाए काम लाग्छ भन्ने स्वार्थले काम गरेको छ ।

यही परिचयकाबीच अर्को परिचय हो - चिया खानु भो ?

पूजा, भोज, भतेर जात्रा जतापनि चाहिन्छ रक्सी, निगार र जाँड । चढाइन्छ पनि खाइन्छ पनि । तर उनीहरूको शिष्टता सात्विक हुन्छ सधैँ सबैका लागि -चिया खानु भो ? आउनुस् चिया खाएर जानुस् ।

मातिने चिज देउतालाई चढ्छ, पवित्र मानिन्छ, नभइ हुन्न । प्रसादी हो तर पनि त्यसलाई छोडेर छिमेकी, साथी भाइका लागि शिष्टता र सभ्यतामा ल्याइने 'चिया' सत्कार आफैमा सकारात्मक कुरा हो । र संस्कृति उन्मुख पनि बनेको छ ।

हरिशलाई भने चित्त बुझेको रहेनछ । सायद उसको आशा अर्कै हुनसक्छ, सगुन पिउनु भो ? आउनुस् अलिकति लिनुस् भनिदिए हुन्थ्यो भन्ने होला वा नहोला पनि ।

अब चाहिँ उसँग जम्का भेट भयो भने समयको ख्याल नगरी मै पनि सोध्नेछु- हरिशजी चिया खानु भो ? र तिनलाई सम्झाउने छु चियाले जोड्ने मित्रता र सभ्यताका कुरा । अनि भन्नेछु रक्सीले केही समय मित्रता त जोड्ला कालान्तरमा परिवार र समाजसँगको सहयात्रा टुटाउन पनि त सक्छ ।

फेरि रक्सी खानु भो ? भनेको राम्रो सुनिन्न नि त हौ हरिशजी । जसरी हाम्रो साझा भाषा, साझा झण्डा र साझा गान छ त्यसैगरी सबैलाई जोड्ने साझा पेय हुनसक्छ नि चिया । यदी त्यसो होइन भने पनि सार्वजनिकरुपमा कसैले तपाइलाई रक्सी खानु भो ? आउनु खाएर जानु भनेकै पनि त मन नपर्ला । हैन र ? पिएपछि सार्वजनिक भएपनि पिउनु अघि त यो गोप्य नै बनाउन चाहनु हुन्छ नि तपाइ पनि यसलाई । सायद पारदर्शिता नै सत्य हो र सकारात्मक । सायद पारदर्शिताको युग हो यो । नभए हुनुपर्छ हरिशजी । अपारदर्शिता अँध्यारो गन्तव्य हो ।





रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

**आफ्नो सीप र क्षमता अनुसारको काम र राम्रो तलब सुविधाको वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरूमा जानु परेमा सीधै हामीलाई सम्झनुहोस ।**



SAAN NEPAL (P.) Ltd.
(A manpower consultant)

सान नेपाल प्रा.लि.
बत्तीसपुतली, काठमाडौं, फोन : ४४८४९७७, ४४६३०२६



**पुष्पलता आचार्य**
वरिष्ठ गीतकार तथा साहित्यकार

# पशुपतिमा फत्तेमानलाई भेट्दा...

● हरिराम पौडेल

मान्छेको जीवनमा समयक्रमसँगै विभिन्न घटनाक्रमहरू घटिरहने रहेछन् । ती घटनाहरू कतिपय सुखद् पनि हुन्छन् भने कतिपय दुःखद र स्मरणीय । कतिपय घटनाले मन भरि पीडा र बेदनाको लहर उर्लाएर जाने रहेछन् जो जीवनभर नमेटिने डोब बनेर मनमा बसिरहन्छन् अनि यहि जीवनमा अनेकखाले सम्वन्धहरू पनि जोडिँदा रहेछन्, आँफूले नचाहे पनि र पवित्र मनले सबैको भलो चिताए पनि समयक्रममा ती सम्वन्धअरु नसोचेको ढंगबाट तोडिँदा रहेछन् । त्यो तोडाईसँगै मनमा साँचेका खुसी र सपनाहरू मुलबाटो छोडेर अन्यत्रै मोडिँदा रहेछन् । अनि साथमा चाहि पीडा र पश्चाताप छोडिँदा रहेछन् ।

मैले पनि जीवनमा धेरै संघर्ष गरे, उचारचढावहरू र समयले लगाउने पीडाको घाउमा मल्हम लगाइरहे । जीवनका यिनै आरोह अवरोहबीच म जीवनका संघर्षपूर्ण गोरेटोहरूमा यात्रारत छु । मेरो जन्म यस लमजुङको तत्कालीन रम्घा गा.वि.स वडा नं. ३, थुम्कामा बुवा स्व. रघुनाथ न्यौपाने र आमा स्व. देवी न्यौपानेबाट भएको हो । मेरो बुवाको तीन श्रीमती मध्ये मेरी आमा मेरो बुवाको माइली श्रीमती हुनुहुन्थ्यो, जेठी श्रीमतीबाट ८/९ वटी छोरी मात्र भएकोले बुवाले दोश्रो श्रीमतीको रुपमा मेरी आमालाई भित्राउनु भएको थियो, विहे हुँदा बुवा ३६ वर्षको हुनुहुन्थ्यो भने मेरी आमा मात्र १३ वर्ष कि । १५ वर्षको उमेरमा मेरी आमाले छोरीको रुपमा मलाई जन्म दिनु भएको थियो, बुवाले छोरा पाउनकै लागी मेरी आमा कै बहिनीसँग अर्को विहे पनि गर्नु भयो ।

म जम्मिदा मेरी आमा विरामी हुनु भयो । आमाले मलाई दुध खुवाउन र अन्य सामान्य हेरचाह पनि गर्न सक्नु भएन भने छोरी भएकै कारणले बुवा लगायत अरु कसैले पनि मेरो वास्ता गरेनन् रे ! मलाई दिनभरि घर बाहिरको ढिकीको छेउमा टिनको बट्टामा कपडाले बेरेर राखिदिन्थे रे ! राती मात्रै भित्र लगिन्थ्यो रे ! म रोएको सुनेर गाउँवेसी, मेलापत गर्ने अरु कसैले दुध पिलाएर जान्थे रे ! जन्मेको ६ दिन सम्म म यसरी नै घर बाहिर फालिने र अरु दयावान नारीको दुध पिएर बाचेकी हुँ । ६ दिनपछि बुवाले परिवारका अन्य कसैलाई मलाई भित्र ल्याउन लगाएर हुल्नु भएको रे ! हेर्दाखेरि हात, खुट्टा सर्लक्क देखेपछि लेखपढ गरेर नै खान्छे भन्नु हुन्थ्यो रे !

सानी आमाबाट पनि छोरा भएनन्, वहाले पनि छोरी नै पाउनु भयो । ती छोरी पनि अपाङ्ग थिइन् । वाह्र वर्षको उमेरमा बहिनीको निधन भयो । सानी आमाको दोश्रो सन्तानकोरुपमा पनि छोरी नै भइन् । दुःखद त के रह्यो भने छोरी पाउने वित्तिकै सानी आमा पनि वित्नु भयो । छोराको चाहना गर्दागर्दै तीन वटी श्रीमती भित्राउनु भएका मेरो बुवाले कान्छी श्रीमतीबाट पनि छोरा नभएपछि धेरैतिर हेराउने, विभिन्न औषधीउपचार गराउनु भयो । बुवा साठी वर्षको हुँदा मेरो भाई जन्मियो, त्यति बेला मेरो विहे भएर मैले समेत छोराछोरी पाइसकेकी थिएँ । भाई जन्मेको तीन वर्षपछि बुवाले पनि यस धर्तीबाट विदा लिनुभयो ।

मेरो बाल्यकाल सामान्यरुपमा वित्यो । आमाले आँफूले दुःखकष्ट भोगे पनि मेरो लालनपालन, शिक्षादिक्षा, धर्मकर्म, संस्कृति, ज्ञान, विज्ञान, हकअधिकार प्राप्तिको लागी ठुलो योगदान दिनुभयो । मेरो बुवाले आफ्नी आमा वित्नु भए पछि मेरो मामाघरकि हजुरआमालाई पनि आमाको स्थान दिएर सँगै राख्नु भएकोले मैले आमा, बुवाको साथै हजुरआमाको समेत ममत्वमा पुलपुलिएर हुर्कने अवसर पाएँ । म सानोमा धेरै ज्ञानी थिएँ रे, गाउँलेहरू भन्ने गर्थे रे 'यी मुखिया कि छोरी सुखमा हुर्किए पनि सज्जन र ज्ञानी छिन्, हातमा दिए पनि खाने, पातमा दिए पनि खाने,

मीठो, नमीठो नभन्ने स्वभाव कि छे ।'

म सानैदेखि गाउँ डुल्थे, गाउँमा खान नपाउने दुःखी, गरिव देख्दा साह्रै दया लाग्थ्यो । धेरैको घरमा भात खाने चामल हुदैनथ्यो, ढिंडो, च्याख्ला, खोले खाएको देख्थे । ५/६ वर्षको सानो र कलिलो उमेरमा पनि मलाई यस्ता दृष्यले विझाउथ्यो, म घरबाट चामल चोरेर लगेर उनीहरूलाई दिन्थे । सानी बालिकाले आफ्नो परिवारको दुःख देखेर यसरी चामल ल्याइदिदा त्यति बेलाका आमा, दिदीहरू भावविह्ल हुनुहुन्थ्यो । यसरी घरबाट चामल नल्याउनु, घरमा कसैले थाहा पाए तिमीलाई पनि गाली गर्छन् हामीलाई पनि राम्रो मान्दैनन् भन्नु हुन्थ्यो र पनि मैले चामल नभएका धेरै घरमा यसरी नै चामल चोरेर लगेर दिन्थे । मैले गरेको चोरी घरमा कहिल्यै पनि कसैले थाहा पाउनु भएन । चिलिमका कक्कड खाने बुवा, हजुरवाहरूलाई घरबाट तमाखु (मसिनो पारी सुर्ती काटेर खुदोमा पकाएर बनाइएको बस्तु) लगिदिन्थे । बाँडेर खान, अरुको खुसीमा नै आफ्नो खुसी देख्ने मेरो स्वभाव थियो ।

त्यति बेला औलो लाग्छ भनेर गाउँबाट बेसी झर्ने चलन थिएन तर हाम्रो खेतीपाती बेसीमा नै भएकोले बुवाले हामीलाई पनि बेसी (न्यौपाने बेसी) झार्नु भएको थियो । त्यहाँ पढ्नको लागी नजिक विद्यालय थिएन, म दिनभर मादी नदीमा पौडी खेल्थे । मैले घरमा नै अक्षर चिने, लेकबाट ल्याइएको खरीले  सिलेट (अक्षर लेख्नका लागी बनाइएको कालो र पातलो ढुंगाको पाटी) मा लेख्ने गर्थे । एक दिन शान्ति प्रा. वि, सिसाघाटबाट मेरो घरमा आउनु भएका त्यहाँका विद्यालयका गुरुहरूले मैले सिलोटमा लेखेको देखेर बुवालाई 'यति राम्रो लेख्ने छोरीलाई विद्यालय पठाउनु पर्छ' भनेर भन्नु भयो । विद्यालय घरबाट टाढा थियो, बुवाले घोडामा चढाएर लगेर मलाई सात वर्षको उमेरमा विद्यालय भर्ना गरिदिनु भयो ।

५ कक्षा सम्मको अध्ययन पश्चात मैले विद्यालय फेर्न पर्ने भयो । घरबाट झण्डै डेढ घण्टाको जंगल र उकालो बाटो कटेपछि आउने दोप्परे स्कुलमा म भर्ना भएँ । जंगलको बाटो म एक्लै विद्यालय जान्थे । विद्यालय जाँदा र आउँदा धेरै पटक मैले बाघ, चितुवाले बाटो काटेको देखेकी छु । बाघ, भालु र चितुवाको गर्जन सुनेकी छु । म सानी केटी भए पनि साहसी थिएँ, धेरै पटक बाघसँग जम्काभेट हुँदा पनि निडर भएर आँफूलाई बचाएर विद्यालय जाने आउने गरिरहे । आठ कक्षासम्म त्यहाँ अध्ययन पुरा गरेपछि तनहुँको बन्दिपुरस्थित भानु मा.वि.बाट २०३२ मा मैले एस.एल.सी उत्तीर्ण गरे । त्यति बेला मेरो विहे भइसकेको थियो, गर्भवती अवस्थामा नै मैले एस.एल.सीको परीक्षा दिएकी थिएँ ।

मैले सानै उमेरमा एक छोरा आनन्ददिप र छोरी अनुलाई जन्म दिएँ । छोरा, छोरी दुवैको विहे भइसकेको छ । छोरा बेलायतमा छ, त्यहाँ उसको आफ्नै व्यवसाय छ । मेरो समाजसेवाको भावबाट उ निकै प्रभावित छ, हरेक पटक नेपाल आउँदा विभिन्न अनाथालय, बाल तथा बृद्धाआश्रम पुगेर सकेको सहयोग गर्ने गरेको छ । उसले संसारकै महंगो बाइक (तीन करोड भन्दा बढि मुल्य पर्ने, ५७०० सि.सि) चलाएर विश्वमा नेपालको नाम चिनाएकोमा पनि मलाई गर्व लाग्छ ।

मैले श्रीमानको साथ धेरै पाउन सकिन, हृदयघातको कारणले वहाले चाडै नै हामीलाई छोडेर जानु भयो । नेपाली समाजमा विधवा नारीलाई धेरै खालका लाञ्छना लगाउनुको साथै फरक दृष्टिले हेर्ने गरिन्छ । समाजको यो सोचलाई चिर्न लेखेर र भाषण गरेर मात्र नुहने देखेर मैले श्रीमान विलु भएको १५ दिनमा रातो अभियानको थालनी गरे, १५ औं दिनमा हातभरि काँचका रातो चुरा, पोते र रातो साडी सहित  सोह श्रृङ्गारसहित समाजमा प्रस्तुत भए । मेरो पहिरनले मेरी आमासमेत तर्सेर रुनु भएको थियो भने समाजमा म कतिपयको आर्दश बनेकी थिएँ, कतिपयको नजरमा समाज विरोधी तत्व बनेकी थिएँ । मेरो अभियानमा लाखौ विधवा महिलाले साथ दिएका थिए । खुसी व्यक्त गरे, स्यावासी दिए, महिला अधिकारकर्मीहरूले सम्मान गरेका थिए, मैले मेरो अभियानको साथमा हजारौ विधवा नारीलाई सिन्दुर र पोते लगाइदिए ।

साहित्य मेरो सानै देखिको रुचिको विषय थियो । ६ कक्षा अध्ययन गर्दा देखि कुनै न कुनै रुपमा म साहित्यमा जोडिएकी थिएँ । गीत, गजल, कविता, कथा, उपन्यास, निवन्ध, नाटक सबै विधामा मैले कलम चलाएकी छु, मेरा धेरै गीत र भजनहरू पनि रेकर्ड भएका छन् । म धर्ममा विश्वास गर्छु, इश्वरको पूजा गर्छु, म नित्य पशुपति जाँदा एकदिन वरिष्ठ गायक फत्तेमान दाजुलाई देखे, भर्खर भर्खर टेलिभिजन आएको बेला वहालाई टेलिभिजनमा भजन गाउदै गर्नु भएको, गीत गाउदै गर्नु भएको देखेकी थिएँ, त्यहि देखाईले वहालाई ठम्याउन सके । पशुपतिमा वहालाई देख्दा साक्षात शिवजीको  दर्शन भएको अनुभूति भयो, मैले नजिकै गएर वहालाई बोलाए, अभिवादन गरे अनि म वहाँको गहिरो फ्यान भएको बताएँ । वहाले मैले लेखेका डायरी माग्नु भयो, मैले वहालाई त्यो डायरी दिएपछि वहाले त्यहा रहेका केहि सृजनामा धुन र आवाज मिसाएर गीत बनाउनु भयो । अहो ! मेरा लेखाई पनि यति सुमधुर गीत बन्दारहेछन् भनेर असाध्यै खुसी लाग्यो, वहाँले मेरा धेरै गीत र भजनहरू गाइदिनु भएर गुन लगाउनु भएको छ, वहाको गुन सायदै मैले यो जुनीमा तिर्न सक्छु होला ।

त्यसपछि नेपालका चर्चित गायक, गायिकाहरूले मेरा शब्दका गीत र भजन गाउनु भएको छ, 'बल्ल पऱ्यो निरमाया माकुरी जालैमा ...लगायत दर्जनौ गीत हिट भएका छन् । ओम विक्रम विष्ट, नुपुर भट्टाचार्य, द्धारिकालाल जोशी, मीरा राणा, ज्ञानु राणा, यम बराल, राजेशपायल राई, विमाकुमारी दुरा, कृष्ण गन्दर्भ, शम्भु राई लगायतले मेरो गीत तथा भजन गाउनु भएको छ भने अन्जान शाक्य, अस्मिता नेपाल लगायत धेरै गायक, गायिकाले मेरो शब्दको गीत गाएर रेडियो नेपालमा स्वर परीक्षा उत्तिर्ण गर्नु भएको छ ।

झण्डै सयको हाराहारीमा मेरा गीत रेकर्ड भएका छन् भने विभिन्न विधाका ५९ वटा कृति प्रकाशित छन् । त्यसैगरि मेरो बारेमा विभिन्न व्यक्ति तथा संस्थाद्धारा ३९ वटा कृति लेखिएका छन् । त्रि.वि. स्तातकोत्तर तहमा विभिन्न छात्र, छात्राहरूले आधा दर्जन भन्दा बढि शोधपत्र तयार गर्नु भएको छ । म मनले घचघच्याए पछि नलेखि बस्नै सक्दिनँ, छटपटिन्छु, भोक लागे जस्तो हुन्छ, खान मन लाग्दैन, निन्द्रा लागे जस्तो हुन्छ, सुत्न मन लाग्दैन, गर्मी भए जस्तो हुन्छ, नुहाउन मन लाग्दैन, मलाई लेखनको भोक यस्तै गरि लाग्छ, लेख्न थाले पछि भोक, निन्द्रा सबै भाग्छ ।

समाजसेवा मेरो जीवनको अर्को महत्वपूर्ण पाटो हो । अरु सुखी र खुसी देखे म सन्तुष्ट हुन्छु । सकेको दिन पाउनुमा नै म गर्व गर्छु । बुवाले विद्यालयलाई चन्दा नदिनु भएको देखेर म ज्यादै दुःखी थिएँ । बुवाले चन्दा नदिनु भएको ठाउँ (मध्यनेपाल न.पा, दुईपिप्ले, लमजुङ)मा मैले आफैले क्याम्पस संस्थापना गर्न सफल भएकी छु ।  मैले संस्थापना गरेको पुष्पलता जनएकता बहुमुखी क्यामपसमा अहिले विभिन्न विषयमा धेरै छात्र, छात्राहरूले उच्च शिक्षा हासिल गरिरहेको देख्दा एउटा छुट्टै सन्तुष्टि मिलेको छ । म चालिस भन्दा बढि विभिन्न सामाजिक र परोपकारी संघसंस्थामा पनि अध्यक्ष, कोषाध्यक्ष, आजीवन सदस्य, संरक्षक, वरिष्ठ सल्लाहकार, प्रमुख सल्लाहकार लगायत विभिन्न पदमा आवद्ध रहेकी छु । पैतिसवटा संस्थालाई सकेको आर्थिक सहयोग गरेकी छु । पच्चीस भन्दा बढि विभिन्न विद्यालय, संस्था तथा पुस्तकालयलाई पुस्तक सहयोग गरेकी छु । मैले गरेका सामाजिक कामले गर्दा हालसम्म सत्तरी भन्दा बढि संस्थाबाट म सम्मानित भइसकेकी छु ।

म आँफूलाई साहसी नारीको रुपमा पनि लिन्छु, मैले धेरै अघिदेखि स्कारपियो जीप पुरुषहरूसँग प्रतिष्पर्धा गर्दै आँफै चलाउँदै आएकी छु भने केहि महिना अघि बुलेट बाइकमा राष्ट्रिय झण्डा फरफराएर नेपाल लगायत भारतका विभिन्न सहरहरू घुमेर आएँ । आगामी दिनमा अझ ठुलो बाइक चलाउने योजनामा पनि रहेकी छु । म आफैंले स्कारिपयो, बुलेट बाइक र साइकल चलाएर नेपालका सत्तरी भन्दा बढि जिल्लाका विकट भन्दा विकट ठाउँमा पुगेकी छु ।

समाजमा सबै मानिस बाँचेका छन् तर म समाजमा केहि फरक तथा समाजउपयोगी कार्य गरेर बाँच्नु पर्छ भन्ने मान्यता राख्ने गर्दछु । मैले जीवनमा धेरै संघर्ष गरेकी छु, मेरा संघर्षका कथा मेरा उपन्यासहरूमा खोलेकी छु, आँखाभरि अतितका आँसु र छातीभरि वर्तमानका पीडा बोकेरै भए पनि आँफैमा श्रेय आउने गरी म संघर्षमा जुटिरहेकी छु, जुटिरहने छु, यसैमा मलाई सन्तोष मिलेको छ ।

# एनआरएनएमा आइएलओ : विरोधका लागि विरोध



फणिन्द्र दाहाल

दुई साता अगाडि नेपालको विमानस्थल ओर्लदा लमजुङका शमसेर घिमिरेको खुशीको कुनै सीमा थिएन । हर्षको आँशुले उनी एक छिन अकबक भए । यूएईमा रोजगारी गुमाएर बिरामी परेका घिमिरेले ७ महिना अगाडि एनआरएनए यूएईलाई नभेटेको भए न उनको सही उपचार हुन्थ्यो नत स्वदेश फर्कन नै पाउने थिए । घिमिरे मात्र होइन एनआरएनएले कोभिडको महामारीमा परेर रोजगार गुमाएका वा समस्यामा परेका २१ हजार ६ सय ९५ जनालाई प्रत्यक्ष सहयोग गरिसकेको छ ।

कोरोना महामारीमा एनआरएनएले वैदेशिक रोजगारमा रहेका नेपालीहरूको उद्धार, राहत तथा सहयोगको पक्षमा गरेका अनगिन्ती कामले एनआरएनएको उचाई बढाएको मात्र छैन जताततै प्रशंसा बटुलेको छ । यो सबै काम गर्नका लागि गैरआवासीय नेपाली संघले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)सँग आर्थिक सहयोग लिएर चलाएको कार्यक्रमका कारण संभव भएको हो ।

आइएलओसँगको सहयोगबाट प्राप्त कार्यक्रम जसरी प्रभावकारी कार्यान्वयन भयो त्यसरी नै यो कार्यक्रमको विवादले एनआरएनएभित्र खैलाबैला मच्चाएको पनि छ । एनआरएनएमा आइएलओ प्रोजेक्टको वास्तविकता एकातिर र भ्रम फैलाउनेहरूका कारण केही अनावश्यक विषय बाहिर आएका छन् ।

कोभिड १९ मा नेपालीहरू समस्यामा परेपछि एनआरएनएको वैदेशिक रोजगार तथा कल्याणकारी विभागले तत्काल राहत तथा उद्धारका लागि गृहकार्य थालेपछि संयोग नै मान्नुपर्छ एनआरएनएको इतिहाँसमा नै पहिलो पटक अन्तर्राष्ट्रिय संस्था आइएलओसँग सम्झौता भएर सहकार्य संभव भएको हो । आइएलओको आर्थिक सहयोगमा मध्यपूर्वका विभिन्न देशहरू कतार, युएई, साउदी अरब, कुवेत, ओमान, बहराईन तथा मलेसियामा केन्द्रित रहेर गत अगष्ट २०२० देखि हालसम्म कोभिड-१९ का कारणले प्रभावित नेपाली श्रमिकहरूका लागि राहत तथा उद्दार कार्यक्रम संचालन भइरहेको छ । एनआरएनएले परराष्ट्र मन्त्रालयसँग समन्वय गरेर पटकपटक गन्तब्य देशहरूका राजदूत वा दूतावाससँग छलफल गरी उद्धार तथा राहत सहयोगको छलफल चलाएपछि कार्यक्रम कार्यान्वयनमा आएको हो ।

एनआरएनए र आइएलओबीचको सम्झौतापछि उक्त कार्यक्रमलाई कार्यान्वयन हुन नदिन मध्यपूर्वका केही एनआरएनएका पदाधिकारीहरू शुरु देखि नै लागेका थिए । उनीहरूले यो कार्यक्रम असफल बनाउनका लागि अहिलेसम्म पनि विभिन्न खेल खेलिरहेका छन् । उद्धार तथा राहतको काममा खटेका स्वंयमसेवकहरूलाई निरुत्साहित बनाउने र खाडीमा आइएलएओको काम गरेमा डिपोर्ट हुन सक्नेसम्मका अफवाह फैलाए । यद्यपी एनआरएनएले नेपाली दूतावाससँग सहकार्य गरेर उद्धार तथा राहतका कार्यक्रम गर्ने भनेपछि उनीहरू विरोधका लागि विरोध मात्र गरिरहेका छन् ।

यूएईमा यति धैरे विवाद निकाल्नुमा यो कार्यक्रम सफल बनाउन नदिने त्यहीका केही एनआरएनएका व्यक्तिहरू नै भएको देखिएको छ । आज उनीहरूलाई पोलिरहेको होला, त्यति धैरै नेपाली यही कार्यक्रम अन्तर्गत उद्धार तथा राहत पाउन सफल हुँदा । रोइरहेका नेपालीहरूको आँशु यही कार्यक्रमले पुछेको छ ।

अर्कोतर्फ आगामी कार्यकालका लागि अध्यक्षका स्वभाविक दावेदार डा. बद्री केसीको काम गर्ने शैली र उनले कमाएको ख्यातिबाट जलेर केही उनका विरोधीहरूले आइएलओ प्रोजेक्टको नाममा अनर्गल प्रचार फैलाएका मात्र हुन् ।

यो कार्यक्रममार्फत नेपाली दूतावास र एनआरएनएबीचको सहकार्य इतिहासकै सबैभन्दा राम्रो भएको छ । समस्यामा परेका नेपालीहरूले उद्धार तथा राहत पाइरहदा त्यसबाट जलेका केही एनआरएनएका नकारात्मक सोच भएका मानिस मात्र जलेका हुन् । जसले यति राम्रो कामको विरोध गर्छ उसलाई २१ हजार ६ सय ९५ जना नेपालीको सराप लाग्ने नै छ भने सम्पूर्ण आर्शिवादको जस एनआरएनए संस्थालाई जानेछ ।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS GROUP

SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal

Tel: 1-4365986 to 89 & 4366137/8

E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np


स्वरोजगार, आत्मनिर्भरता, उर्जाशिल
युवा उपस्थिति र विशेष पहिचान!
सुरक्षित, मर्यादित रोजगारसहित
श्रमिकमुखी स्वच्छ, समावेशी र साझा
एनआरएनए
मेरो अभियान!!
VOTE
राजु रेग्मी 'राज'
युवा उपाध्यक्ष पदका उम्मेदवार
गैरआवासीय नेपाली संघ
अन्तराष्ट्रिय समन्वय परिषद (२०२१-२०२३)
NRNA
Non-Resident Nepali Association


NRNA
Non-Resident Nepali Association
'सुरक्षित वैदेशिक रोजगार,
युवा र उद्यमशिलता'
एनआरएनएमार्फत
पुरा गर्ने मेरो प्रतिवद्धता
VOTE
अब्दुल वाशिद
मध्यपूर्व युवा संयोजक उम्मेदवार
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद (२०२१-२०२३)
नेपालीका लागि नेपाली
यहाँहरूको साथ, सहयोग, समर्थन र सुभेच्छाको अपेक्षासहित


NRNA
Non-Resident Nepali Association
“रुपान्तरणको लागि प्रविधि पारदर्शिता र समावेशी एकता,
समृद्धिको लागि ज्ञान, सीप र लगानीको प्रतिबद्धता”
Candidate for NRNA ICC 2021-2023
VOTE
RADHIKA
GURUNG
(TIKA)
Women Secretary
+852 6498 7336


सुरक्षित रोजगार, पर्यटन विकास
सामूहिक लगानी मेरो प्रतिबद्धता
VOTE
खगेन्द्र
न्यौपाने
सचिवका
उम्मेदवार
NRNA
Non-Resident Nepali Association
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय समिति (२०२१-२०२३)
यहाँहरु सबैको साथ
सहयोग र समर्थनको
अपेक्षासहित


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# विदेशबाट पठाएको रकम सजिलै IME Pay App मा प्राप्त गर्नुहोस्।




IME Complex, Panipokhari, Kathmandu, Nepal
+977 1 4217600, 4430600 / 4425800 (Fax)
facebook.com/imeremit
info@imeremit.com.np
www.imeremit.com.np

**Toll Free : 16600 151515**
(For NTC users only)

GET IT ON Google Play
Download on the App Store

Government of Nepal
Ministry of Culture, Tourism, and Civil Aviation

# Nepal Mountain Academy

*(Affiliated to Tribhuvan University)*

## Admission Announcement

# MASTER OF ADVENTURE TOURISM STUDIES (MATS)



**The first of its kind in the world adventure tourism academia**

**ELIGIBILITY CRITERIA**

- Bachelor Degree completed in any discipline with a minimum CGPA of 2.00 or second division marks.
- BMS, BTTM, BBM, BBA, BBS and BPA completed with a minimum CGPA of 2.00 or second division marks.
- Students who are waiting for results of bachelor level can also apply. However, they have to submit passed certificate at the time of admission.

**NEPAL MOUNTAIN ACADEMY**
www.nma.gov.np

Thapagaun, Bijulibazar, Kathmandu
Tel : **01-5244312, 5244888, 9851127190**
E-mail : mats@man.gov.np
nma.academics@gmail.com

म.क्षे.हु.नि.द.नं. ७/०७०/७१

# DELIVERING HAPPINESS

to your loved ones back home!




GME REMITTANCE

जहिले पनि जहाँ पनि

TOLL FREE - 1660-01-99988

Best Rates

Wide Location

Real- Time Payment

www.gmeremit.com.np